# गुणस्तरीय शिक्षा सुधार परियोजना, उर्लाबारी, नेपाल

नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

## आर्थिक वर्ष २०८३।८४-२०८४।८५

## Urlabarl-Nepal Improvement of Quality Education

## (UNIQuE) Project

**FY 2083/084-2084/085**




उर्लाबारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

उर्लाबारी, मोरङ्ग

प्रमुख प्रशासकीय अधिकृत

उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

# विषयसूची

परिच्छेद - १ परिचय ....... 1
पृष्ठभूमि ....... 1
उर्लाबारी नगरपालिकाको संक्षिप्त जानकारी ....... 1
परिच्छेद २ संवैधानिक तथा नीतिगत व्यवस्था ....... 9
संघीय शासन व्यवस्थामा शिक्षा ....... 9
परियोजना तर्जुमाको उद्देश्य ....... 12
विद्यमान नीतिगत तथा कार्यक्रमगत व्यवस्था ....... 12
परिच्छेद ३ समीक्षा तथा परियोजना तर्जुमा प्रकृया ....... 16
विगतको प्रयासको समिक्षा ....... 16
परियोजना तर्जुमा प्रकृया ....... 20
समस्याको पहिचान ....... 22
विद्यालयको भौतिक पूर्वाधारको विवरण: ....... 24
परिच्छेद ४ रणनीतिक ढाँचा ....... 30
सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता निर्धारण ....... 30
परिच्छेद ५ कार्यक्रम तथा विस्तृत बजेट ....... 37
कार्यक्रम निर्धारण ....... 37
परियोजनाको विस्तृत लागत अनुमान ( क्रियाकलापहरुको समेत हुने गरी ) ....... 39
परिच्छेद ६ विश्लेषण तथा कार्ययोजना ....... 58
श्रोत व्यवस्थापन (Resource Management) ....... 58
परियोजनाको SWOT विश्लेषण ....... 58
परियोजना अन्तरगत संचालन हुने कार्यक्रमहरु र कार्ययोजना ....... 60

# परिच्छेद १ परिचय

## पृष्ठभूमि

मौलिक हकको रुपमा रहेको शिक्षा सम्बन्धमा आधारभुत तथा माध्यमिक शिक्षालाई नेपालको संविधानमा स्थानीय तहको एकल अधिकारको रुपमा राखिएको छ । उर्लाबारी नगरपालिकाले आधारभुत तथा माध्यमिक शिक्षाको गुणस्तर अभिवृद्धि तथा पहुँच बढाउन संघीय सशर्त कार्यक्रम तथा आफ्नै आन्तरिक श्रोतबाट समेत शैक्षिक कृयाकलापहरु सञ्चालन गर्दै आईरहेको छ । यसका अतिरिक्त शिक्षा क्षेत्रलाई विशेष प्राथमिकतामा राखि संघीय विशेष अनुदान अन्तर्गत आ.व. २०८०।८१ देखि ३ वर्षे उर्लाबारी गुणस्तरीय शिक्षा तथा साक्षरता परियोजना समेत कार्यान्वयन गरिएको छ । शिक्षा क्षेत्रको विद्यमान परिवेश, आधारभुत तथा माध्यमिक शिक्षामा देखिएको समस्या तथा आवश्यकताको सम्बोधन एवं उर्लाबारी गुणस्तरीय शिक्षा तथा साक्षरता परियोजना अन्तर्गत निर्धारित लक्ष्य अन्तर्गत अप्राप्त लक्ष्यको प्राप्ति गरि शिक्षा क्षेत्रको राष्ट्रिय लक्ष्य प्राप्त गर्न गुणस्तरी शिक्षा सुधार परियोजना, उर्लाबारी, नेपाल (Urlabarl-Nepal Improvement of Quality Education- UNIQuE Project) तर्जुमा गरिएको छ ।

## उर्लाबारी नगरपालिकाको संक्षिप्त जानकारी

मोरङ्ग जिल्लाको सदरमुकाम विराटनगरबाट करिब ५५ किलोमिटर पूर्वोत्तर क्षेत्रमा अवस्थित उर्लाबारी नगरपालिकालाई नेपाल सरकारको मिति २०७१/०९/२५ गतेको निणर्यानुसार नगरपालिकाको रूपमा घोषणा गरी तत्पश्चात् नेपाल सरकारको मिति २०७३/११/२७ को पुनः संरचनाको निर्णयानुसार साविक उर्लाबारी नगरपालिकामा साविक राजघाट गा.वि.स. र साविक मधुमल्ला गा.वि.स. को वडा ७, ८ र ९ समायोजन गरी हालको उर्लाबारी नगरपालिकाको रूपमा कार्यान्वयन गरिएको हो । मोरङ जिल्लाकै नमूना नगरको रूपमा परिचित हुन उन्मुख रहेको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिममा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका र दक्षिणमा रतुवामाई नगरपालिकासँग सीमाना जोडिएको छ । ७४.६२ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा सामुदायिक विद्यालय २२, धार्मिक विद्यालय ४, संस्थागत विद्यालय ४०, सामुदायिक क्याम्पस १ र प्रविधिक शिक्षालय १ सहित गरी कुल ६८ ओटा शैक्षिक संस्थाहरू संचालनमा रहेका छन् । २२ ओटा सामुदायिक विद्यालयमा विद्यालयमा आधारित ३१ ओटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको हालको साक्षरता प्रतिशत ८४.८मा पुरुष साक्षरता ९०.३ र महिला साक्षरता दर ८० प्रतिशत रहेको छ । अपाङ्गता भएका जनसंख्या २.३ प्रतिशत मध्ये पुरुष अपाङ्गता २.६ र महिला १.९ प्रतिशत रहेको छ । यस नगरपालिकको जनघनत्व ९५० रहेको छ ।

## भौगोलिक अवस्थिति

भौगोलिकरूपमा २६.५५° देखि २६.७२° अक्षांश र ८७.५७° देखि ८७.६५° देशान्तर र समुद्री सतहबाट ११६ मि. देखि १६४ मि. उचाइसम्म फैलिएको यो नगरपालिका तराई मैदान र आवादी क्षेत्र भएकोले यस क्षेत्रमा घना जंगल र सिमसार क्षेत्रहरू प्रसस्त मात्रामा रहेको पाइन्छ। यहाँको केही भागमा धार्मिक तथा कबुलियत वन पाउन सकिन्छ । उष्ण मनसुनी हावापानीको असर पर्ने यस क्षेत्रमा उत्तरतर्फ भन्दा दक्षिणतर्फ तापक्रम बढी हुने गर्दछ । यस नगरपालिकालाई पूर्व-पश्चिम राजमार्गले मध्यभागबाट उत्तर दक्षिणमा विभाजन गरेको छ ।

प्रमुख प्रशासकीय अधिकृत

जिल्लाको मध्य तथा दक्षिणी भागमा पर्ने यस क्षेत्रमा घना जंगल र सिमसार क्षेत्र तथा वनहरू प्रशस्त मात्रामा छन् । आधा दर्जन नदीनालाहरू रहेकोले पानीको स्रोत प्रशस्तै रहेको पाइन्छ । वेतनी सिमसार क्षेत्र, संग्रहालय तथा धिमाल जातिको संस्कृतिले यस नगरको आफ्नै विशिष्टता ओगटेको छ । जसमा अन्य विभिन्न सिमसार क्षेत्रहरूले यस नगरपालिकाको प्राकृतिक सुन्दरतालाई टेवा पुर्याइरहेको छ ।

## सामाजिक तथा सांस्कृतिक अवस्थाः

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा जम्मा घरधुरी संख्या १७६५० मा कुल जनसंख्या ७०९०८ रहेको देखिन्छ । परिवारको औषत आकार ४.०२ व्यक्तिहरू प्रति घरपरिवार रहेको छ । ८६.५ % घर परिवारको आफ्नै घर भएको र १२.३ % भाडामा रहने गरेको देखिन्छ । त्यसैगरी विजुली बत्तीको उपयोग गर्ने ९९.३%, खाना पकाउन एलपि ग्यासको प्रयोग गर्ने ७६.०%, फ्लस भएको (सेप्टिक ट्याङ्क) शौचालय प्रयोग गर्ने ५४.२%, रहेको देखिन्छ । तथ्याङ्क अनुसार यहाँ बसोबास गर्ने मुख्य जातिमा क्षेत्री, ब्राम्हण, लिम्बु, नेवार, धिमाल, राई, तामाङ्गलगायत ३९ भन्दा बढी रहेका छन् । देशका अन्य भागमा जस्तै यस नगरपालिकाका वासिन्दाहरूले पनि राष्ट्रिय चाडपर्वका साथै आफ्नो जाति र धर्म विशेषका चाडपर्वहरू र रीतिरिवाजहरू मान्दछन् । अन्यत्र जस्तै यहाँ पनि विभिन्न धर्मसँग आवद्ध व्यक्तिहरूले विशेष चाडपर्वहरू आफ्नै आफ्नै ढंगबाट फरक-फरक तरिकाले मनाउने गरेको पाइन्छ । परम्परागतरूपमा मनाइने चाडपर्वहरूमा दशै, तिहार, हरितालिका तीज, राम नवमी, शिवरात्री, फागुपूर्णिमा, नाग पञ्चमी, माघे सक्रान्ती, जितिया, साउने सक्रान्ती, चण्डी पूणिमा, उँधौली उँभौली, बुद्ध जयन्ती, ल्होसार, कृष्ण जन्माष्टमी, इद, कुर्वानी तथा अन्य चाडपर्वहरू परम्परागतरूपमा मनाइन्छ । यस नगरपालिकामा आधुनिक र परम्परागत दुवै शैलीको मानव वस्ती रहेको र सोहिअनुरूप चाडपर्वहरू पनि मनाइदै आएको पाइन्छ । यहाँ धिमाल सन्थाल समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभूषा, परम्परा र संस्कार रहेको भेटिन्छ ।यस नगरपालिकाको वडा नं. १ देखि ९ सम्ममा विभिन्न धर्मावलम्बीसँग सम्बन्धित ६८ ओटा भन्दा बढी धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्वका स्थानहरू रहेकाछन् ।

## जनसाङ्खिक संरचनाः

राष्ट्रिय जनगणना २०७८ अनुसार उर्लाबारी नगरपालिकाको कुल जनसंख्या ७०९०८ रहेको मध्ये पुरुषको संख्या ३३३५६(४७%) र महिलाको संख्या ३७५५२(५३%) रहेको देखिन्छ भने जम्मा घरपरिवारको संख्या १७६५० रहेको देखिन्छ । त्यसैगरी लैङ्गीक अनुपात ८८.८३ (पुरुषप्रति १०० महिला), जन्म दर्ता गराउने ६८.३% र जन्म दर्ता नगराउने ३१.७%, औषत परिवार संख्या ५.१३ रहेको छ ।यस नगरपालिकाको जनघनत्व ९५० प्रति वर्ग कि.मि रहेको छ ।

### वडागत जनसंख्या विवरण

तालिकानं.१ वडागत जनसंख्या

| वडा नं. | पुरुष | महिला | जम्मा | पुरुष% | महिला% |
|---|---|---|---|---|---|
| १ | ४१६१ | ४६४३ | ८८०४ | ४७.२६ | ५२.७४ |
| २ | ३९५५ | ४४५८ | ८४१३ | ४७.०१ | ५२.९९ |
| ३ | ३४८६ | ३८१६ | ७३०२ | ४७.७४ | ५२.२६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ४६२१ | ५१६९ | ९७९० | ४७.२ | ५२.८ |
| ५ | २५६६ | २९६९ | ५५३५ | ४६३६. | ५३.६४ |
| ६ | २६४९ | ३०२१ | ५६७० | ४६.७२ | ५३.२८ |
| ७ | ५०६८ | ५६५१ | १०७१९ | ४७.२८ | ५२.७२ |
| ८ | ३६३९ | ४२१२ | ७८५१ | ४६.३५ | ५३.६५ |
| ९ | ३२११ | ३६१३ | ६८२४ | ४७.०५ | ५२.९५ |
| जम्मा | ३३३५६ | ३७५५२ | ७०९०८ | ४७.०४ | ५२.९६ |

स्रोत; राष्ट्रिय जनगणना २०७८

## उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण

उमेर समूहको आधारमा जनसंख्या विवरणलाई हेर्दा सबैभन्दा बढी १५ देखि १९ वर्षको जनसंख्या देखिन्छ जुन ९१०० जना रहेको छ । पुरुषको जनसंख्या मात्रै हेर्दा ५ देखि ९ वर्षको जनसंख्या बढी देखिन्छ भने महिलाको सबैभन्दा बढी जनसंख्या २५ देखि २९ वर्षको उमेर समूहमा देखिन्छ जुन क्रमशः ४८०० र ४८०० रहेको देखिन्छ ।

तालिका :२ उमेर समूह तथा लिङ्गको आधारमा जनसंख्या विवरण




स्रोत; राष्ट्रिय जनगणना २०७८



प्रमुख प्रशासकीय अधिकृत

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

## आर्थिक अवस्था:

आर्थिक विकास तथा सशक्तीकरण केन्द्रीय सरकारदेखि स्थानीय तहसम्मको प्रमुख उद्देश्यकारूपमा रहेको हुन्छ । रोजगारीको अवस्था सिर्जना, सामुदायिक एवं प्राविधिक/व्यावसायिक शिक्षा, उद्योग धन्दाको पूर्ण विकास, आधुनिक कृषि प्रणाली, जलविद्युत, पर्यटनको प्रर्वद्धन आदिबाट आर्थिक विकास हुनसक्ने मानिन्छ । वर्तमानमा उर्लाबारी नगरपालिकाबाट आर्थिक विकास तथा सशक्तीकरणका लागि गरिएका मुख्य कार्यहरूमा उर्लाबारी नगरपालिका घोषणा भए पश्चात् कार्यालय स्थापना गरी कार्यसञ्चालन, विकास निर्माणतर्फ बाटो ग्राभेल, कल्भर्ट निर्माण, विद्यालय, मठमन्दिर, निर्माण तथा मर्मत सुधार, लक्षित वर्गतर्फ विभिन्न सीपमूलक, आय आर्जन, क्षमता अभिवृद्धि तालिमहरू, चेतनामूलक कार्यक्रमहरू सञ्चालन भएका छन् ।उर्लावारी नगरपालिकामा भएको कृषियोग्य भूमिलाई व्यावसायिकरूपमा उपयोग गर्न तथा कृषिमा आधुनिकीकरण ल्याउन सकेमा यस क्षेत्रमा वसोवास गर्ने जनताको आर्थिक उन्नति छिट्टै हुने देखिन्छ ।यहाँको युवा जनशक्तिलाई सवल र सक्षम बनाउनको लागि विभिन्न क्षेत्रबाट विविध तालिमहरू प्रदान भएको पाइन्छ । यसरी तालिम प्राप्त गर्नेहरूमा विशेष गरी कृषिसम्बन्धी सीप तथा दक्षता हासिल हुने विभिन्न तालिमहरू लिएको देखिन्छ।यस नगरपालिकामा पनि धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्वका विभिन्न स्थलहरू रहेकाले यी स्थानहरूलाई धार्मिक, ऐतिहासिक, प्राकृतिक पर्यटकीय स्थलकारूपमा विकास गराउन सकिने सम्भावना रहेको देखिन्छ ।

## मुख्य पेशासम्बन्धी विवरण

उर्लाबारी नगरपालिकाको नगर पार्श्वचित्र २०७६ अनुसार यस नगरपालिकामा बसोबास गर्ने मानिसहरूले अपनाएको मुख्य पेशाकोरूपमा कृषि, व्यापार र नोकरीलाई लिन सकिन्छ । नगरपालिकाको वडा अनुसार विभिन्न पेशामा संलग्न मानिसहरूको विवरणलाई हेर्दा यहाँका मानिसहरू जीविकोपार्जनको लागि मुख्यरूपमा कृषिमा तथा नोकरीमा आश्रित तथा संलग्न भएको देखिन्छ । जनसंख्याको आधारमा हेर्दा यस नगरपालिकामा ९२७८ (कुल जनसंख्याको १३.१ प्रतिशत) मानिसहरू कृषि पेशामा संलग्न रहेकाछन् । यस्तै व्यापार, जागिर, ज्यालामजदुरी तथा अन्य पेशामा संलग्न भएको विवरण मध्ये व्यापार गर्नेको संख्या २७३८ (३.९ प्रतिशत) छ भने जागिर गर्नेको संख्या २०१३ (कुल जनसंख्याको २.९ प्रतिशत) जना रहेका छन् । यसैगरी ज्यालादारी मजदुरीबाट २९०५ ( कुल जनसंख्याको ४.१ प्रतिशत) जनाले आफ्ना घर व्यवहार चलाएको देखिन्छ भने वैदेशिक रोजगारीमा संलग्नको संख्या ५८२० जना रहेका छन्। त्यस्तै गरी घरधन्दा गर्ने, कुनै पनि कामनगर्ने र १६ वर्षभन्दा कम उमेर समूहका काम गर्न नसक्नेहरू क्रमशः १३७२२ जना, ७१८४ र १७५३१ जना रहेको देखिन्छ । वैदेशिक रोजगारीको अवस्थालाई हेर्दा जम्मा विदेश जानेहरूको घरपरीवार संख्या ४१२९ रहेको छ भने ६ महिना वा त्यो भन्दा बढीका लागि अन्यन्त्र बसोबास गर्नेको संख्या ५००७ रहेको छ ।

## शैक्षिक अवस्था:

उर्लाबारी नगरपालिकाभित्र २१ ओटा सामुदायिक विद्यालय, ४ ओटा धार्मिक, ४२ ओटा संस्थागत र एउटा क्याम्पस रहेका छन् । जसमा सामुदायिक, धार्मिक र संस्थागत गरी जम्मा १८७९९ (अठार हजार सात सय उनान्सय) विद्यार्थी अध्ययनरत छन् ।

प्रमुख प्रशासकीय अधिकृत

## उर्लाबारी नगरपालिका अन्तर्गत रहेका सामुदायिक तथा धार्मिक विद्यालयको विवरणः

| क्रसं. | विद्यालयको नाम र ठेगाना | वडा | सञ्चालित कक्षा | विद्यार्थी संख्या | प्र.अ.को नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | श्री शारदा मा.वि. | १ | ०-१० | 297 | श्री सूर्य प्रसाद दाहाल | 9842136033 |
| २ | श्री नुनसरी आ.वि. | १ | ०-८ | 124 | श्री चन्द्र बहादुर दर्जी | 9804083695 |
| ३ | श्री लक्ष्मी मा.वि. | १ | ०-१० | 301 | श्री जगत बहादुर श्रेष्ठ | 9842085963 |
| ४ | श्री बालज्योती आ.वि. | १ | ०-५ | 74 | श्री खगेन्द्र गौतम | 9852053034 |
| ५ | श्री सुनझोडा मा.वि. | २ | ०-१० | 191 | श्री मुकुन्दराज निरौला | 9842391291 |
| ६ | श्री सुनपकुवा मा.वि. | २ | ०-१२ | 794 | श्री यादव प्रसाद भण्डारी | 9842461963 |
| ७ | श्री सरस्वती आ.वि. | २ | ०-८ | 89 | श्री भीम बहादुर कटुवाल | 9842553375 |
| ८ | श्री शान्ती आ.वि. | २ | ०-८ | 144 | श्री राम प्रसाद गौतम | 9805324435 |
| ९ | श्री दुर्गा माउर्लाबारी .वि. | ३ | ०-१२ | 315 | श्री शारदा कार्की पाण्डे | 9852090483 |
| १० | श्री भानु आ.वि. | ४ | ०-८ | 171 | श्री गोविन्द बहादुर निरौला | 9852084445 |
| ११ | श्री सृजना आ.वि. | ४ | ०-८ | 221 | श्री मणिराज दाहाल | 9852028448 |
| १२ | श्री राधिका मा.वि. | ६ | ०-१२ | 2233 | श्री कुमार पोखेल | 9842047322 |
| १३ | श्री राधिका मा.वि. | ७ | ०-१० | 153 | श्री सुवास चन्द्र सापकोटा | 9842086737 |
| १४ | श्री लक्ष्मी मा.वि. | ८ | ०-१२ | 369 | श्री राम बहादुर थापा | 9804397969 |
| १५ | श्री अरनिको मा.वि. | ८ | ०-१२ | 510 | श्री सुर्यमान सिरेङ | 9813016717 |
| १६ | श्री बहादुरबाबा चौधरी आ.वि. | ८ | ०-५ | 63 | श्री गीता भण्डारी | 9842128769 |
| १७ | श्री शान्ती क्षेत्र आ.वि. | ८ | ०-६ | 86 | श्री विशाल कट्टेल | 9843871713 |
| १८ | श्री सार्वजनिक मा.वि. | ९ | ०-१२ | 258 | श्री अखिलेस शाह | 9815012090 |
| १९ | श्री महाराज आ.वि. | ९ | ०-८ | 87 | श्री डम्बर श्रेष्ठ | 9842130744 |
| २० | श्री प्रभात आ.वि. | ९ | ०-८ | 82 | श्री रुद्र प्रसाद निरौला | 9844647573 |
| २१ | श्री राजघाट आ.वि. | ९ | ०-८ | 101 | श्री चन्द्र बहादुर अधिकारी | 9842076314 |
| २२ | श्री वेदव्यास वैदिक सनातन गुरुकुलम | ६ | ०-५ | 20 | श्री सुजन भट्टराई | 9862328968 |
| २३ | श्री बौद्ध गुम्बा | ५ | ०-२ | 13 | श्री महेन्द्रजंग तामाङ | 9841492080 |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | श्री नवनाथ सिद्ध गुरु गोरक्षनाथ | ३ | | 8 | श्री शोभा मैनाली | 9810555124 |
| २५ | श्री तजबिदुल मदरसा | ७ | ०-५ | 140 | श्री वसीरुदिन खान | 9812340036 |
| जम्मा | | | | 6844 | | |

## उर्लाबारी नगरपालिकाभित्र रहेका संस्थागत विद्यालयहरुको विवरण:

| क्र.स. | विद्यालयको नाम | वडा | सञ्चालित कक्षा | विद्यार्थी संख्या | प्रिन्सिपल/सम्पर्क व्यक्ति | फोन नं. |
|---|---|---|---|---|---|---|
| १ | झारसाँदी अंग्रेजी बोर्डिङ स्कूल | १ | ०-१० | ३३४ | Dinesh Pokhrel | 9842041577 |
| २ | मधुमल्ला चिल्ड्रेन एकेडेमी | १ | ०-८ | २५१ | Netra Prasad Gadtaula | 9815355325 |
| ३ | सुनदह इङ्लिस बोर्डिङ स्कुल | १ | ०-३ | १९२ | Yogesh Shrestha | 9804313903 |
| ४ | सिर्जना मन्टेस्वरी स्कूल | १ | बाल कक्षा | ४६ | Deepak Shrestha | 9810468252 |
| ५ | ब्रिलियन्ट अंग्रेजी बोर्डिङ स्कूल | २ | ०-९ | २५२ | Tara Subba | 9805316665 |
| ६ | विद्याज्योति बोर्डिङ स्कुल | ३ | ०-१२ | २७१ | Dhak Bahadur Thapa | 9842099270 |
| ७ | हिमालय बालसंसार अंग्रेजी बोर्डिङ स्कूल | ३ | ०-१० | २५८ | Rudra Bahadur Khadka | 9842152709 |
| ८ | शुभकामना अंग्रेजी बोर्डिङ स्कूल | ३ | ०-१० | ४८८ | Jivan Basnet | 9852045631 |
| ९ | सनसाइन अंग्रेजी माध्यमिक बोर्डिङ स्कूल | ३ | ०-१० | ५७६ | Surendra Subedi | 9852029305 |
| १० | ब्रिलियन्ट एकेडेमी | ३ | ०-६ | २३६ | Khagendra Kadal | 9813450888 |
| ११ | जनज्योति इङ्लीस बोर्डिङ स्कुल | ३ | बाल कक्षा | १९ | Nirmaladevi Bhattarai | 9844697715 |
| १२ | सप्तकोशी इङ्लिस बोर्डिङ सेकेन्डरी स्कूल | ४ | ०-१२ | ८५३ | Lekhnath Bhattarai | 9852044770 |
| १३ | श्री हिमचुली मावि | ४ | ०-१० | २४८ | Lekhnath Khadka | 9842086194 |
| १४ | सेन्ट स्टेफेन्स स्कूल | ४ | ०-८ | १०७ | Netra Bhandari | 9811392000 |
| १५ | नेशनल भिजन इंग्लिश बोर्डिङ स्कुल | ४ | ०-५ | १२६ | Rabindra Niralula | 9842269717 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | सिद्धार्थ मन्टेश्वरी | ४ | बाल कक्षा | ४१ | Rekha Khadka Shrestha | 9819310536 |
| १७ | सुनगाभा आवासिय मा वि | ५ | ०-१२ | ४६३ | Bhuban Shrestha | 9852054292 |
| १८ | पल्लवी विद्यामन्दिर | ५ | ०-६ | १५८ | Dhundu Raj Bhattarai | 9842470466 |
| १९ | माउन्ट जैन अंग्रेजी बोर्डिङ स्कूल | ५ | ०-५ | १४७ | Pabitra Raj Karki | 9852041697 |
| २० | उर्लाबारी लिटिल एन्जल्स इङ्लिस बोर्डिङ स्कूल | ५ | ०-५ | १०१ | Laxmi Prasad Rai | 9844050626 |
| २१ | मनकामना विद्या सदन | ५ | ०-५ | १७८ | Susan Luitel | 9842140453 |
| २२ | होली चाइल्ड अंग्रेजी माध्यमिक विद्यालय | ६ | ०-१२ | ३४७ | Sujan Adhikari | 9842106284 |
| २३ | मोरङ मोडल आवासीय मावि | ६ | ०-१२ | ५५० | Sandip Paudyal | 9849079510 |
| २४ | कुडोस विद्यासदन | ६ | ०-९ | ३४६ | Ranju Dahal | 9842144862 |
| २५ | लालीगुराँस विद्या मन्दिर | ६ | ०-७ | २३० | Ganesh Sapkota | 9807963301 |
| २६ | भृकुटी मोडल एकेडेमी | ७ | ०-१२ | ४३९ | Kedar Khanal | 9842154396 |
| २७ | पशुपति आवासिय मा वि | ७ | ०-१२ | ११९७ | Anand karki | 9841539665 |
| २८ | लालीगुराँस अंग्रेजी बोर्डिङ स्कूल | ७ | ०-१० | १९६ | Bigyan Chandra Rai | 9810592088 |
| २९ | नेपाल आदर्श अंग्रेजी माध्यमिक विद्यालय | ७ | ०-११ | ६०७ | Sabina Khadka Karki | 9843416350 |
| ३० | नेपाल दर्शन मावि | ७ | ११,-१२ | १९५ | Sabina Khadka Karki | 9843416348 |
| ३१ | पार्लेन्स इन्टरनेशनल एकेडेमी | ७ | ०-१० | २४४ | Hem Chandra Bhattarai | 9852683003 |
| ३२ | मेरिगोल्ड नेशनल एकेडेमी | ७ | ०-५ | १५१ | Maniraj Gajmer | 9815961033 |
| ३३ | बेथेल एकेडेमी | ७ | ०-६ | ९७ | Anie Sukita Rai | 9812394702 |
| ३४ | दिपशिखा मन्टेश्वरी | ७ | बाल कक्षा | ६० | Maniraj Gajmer | 9815961033 |
| ३५ | संस्कार पाठशाला | ७ | बाल कक्षा | ८४ | Arjun Subedi | 9862125900 |
| ३६ | नेबुला अंग्रेजी स्कूल | ८ | ०-१२ | ५३१ | Gaurav Rai | 9842055059 |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३७ | न्यू भिजन एकेडेमी | ८ | [illegible] | २५७ | Ajit Kumar Bhattarai | 9841333476 |
| ३८ | प्रतिभा बोर्डिङ स्कूल | ८ | ०-१० | २२२ | BOBITA SHARMA KARKI | 9805397876 |
| ३९ | ओवल ल्याब्रटरी अंग्रेजी स्कूल | ९ | ०-१० | २४७ | Kuber Prasad Neupane | 9852683789 |
| ४० | शिशु शिक्षा सदन अंग्रेजी विद्यालय | ९ | ०-१० | ४४३ | Bikram Limbu | 9842439347 |
| ४१ | श्री बालबाटिका मन्टेश्वरी स्कुल | ५ | बाल कक्षा | ५१ | Rita Sigdel (Niraula) | 9842200464 |
| ४२ | बालज्योति बोर्डिङ स्कुल | ९ | ०-४ | ११६ | Sovit Basnet | 9842099270 |
| **जम्मा** | | | | ११९५५ | | |

**सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको दरबन्दी/कोटा विवरणः**

| तह | प्रकार | संख्या |
|---|---|---|
| प्राथमिक | स्थायी | १२२ |
| | राहत | १५ |
| | निजी स्रोत | २९ |
| निम्न माध्यमिक | स्थायी | ४२ |
| | राहत | १० |
| | निजी स्रोत | ३४ |
| माध्यमिक | स्थायी | २५ |
| | राहत | २ |
| | निजी स्रोत | १८ |
| बा.वि.के.स.का. | | ३१ |
| विद्यालय नर्स | | २ |
| विद्यालय कर्मचारी (का.स+लेखा कर्मचारी) | | ३१ |

# परिच्छेद २ संवैधानिक तथा नीतिगत व्यवस्था

## संघीय शासन व्यवस्थामा शिक्षा

### मौलिक हकको रुपमा शिक्षा

नेपालको संविधानले शिक्षालाई प्रत्येक नागरिकको मौलिक हकका रुपमा सुनिश्चित गरेको छ, जसको पूर्ण कार्यान्वयन गर्ने अभिभारा स्थानीय सरकारको काँधमा आएको छ। यसै संवैधानिक दायित्वलाई मूर्तरूप दिन, उर्लाबारी नगरपालिकाले उर्लाबारी गुणस्तरीय शिक्षा सुधार परियोजना (२०८३/०८४-२०८४/०८५) तर्जुमा गरि कार्यान्वयन गरिरहेको छ। यो परियोजना केवल शैक्षिक सुधारको योजना मात्र नभई, संविधान प्रदत्त हकलाई व्यवहारमा उतार्ने एक प्रतिबद्धता हो। यसले गुणस्तरीय शिक्षाको पहुँच, समता र समावेशिता सुनिश्चित गरी नागरिकको सर्वाङ्गीण विकासको आधारशिला तयार पार्ने लक्ष्य लिएको छ। नेपालको संविधानको धारा ३१ (शिक्षाको हक) ले शिक्षालाई आधारभूत मानव अधिकारका रूपमा स्थापित गरेको छ। उक्त धाराले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक सुनिश्चित गर्नुका साथै, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा प्राप्त गर्ने हक प्रदान गरेको छ। यसले कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित नहोस् भन्ने सुनिश्चित गर्दछ। मौलिक हकको यो व्यवस्थाले उर्लाबारी नगरपालिकालाई आफ्ना सबै नागरिकका लागि गुणस्तरीय र पहुँचयुक्त शिक्षा प्रदान गर्नका लागि कानुनी रूपमा बाध्यता सिर्जना गरेको छ। संघीय शासन प्रणालीमा, आधारभूत तथा माध्यमिक तहको शिक्षाको व्यवस्थापन र सञ्चालनको जिम्मा स्थानीय तहको एकल अधिकारको सूची भित्र पर्दछ। उर्लाबारी गुणस्तरीय शिक्षा सुधार परियोजना यसै संघीय व्यवस्थाको भावनाअनुरूप तयार पारिएको छ। यसले नगरभित्रका सबै विद्यालयको व्यवस्थापनमा सुधार ल्याउने, शैक्षिक सुशासन कायम गर्ने, र शिक्षाको गुणस्तरका लागि आवश्यक पर्ने पूर्वाधार विकासमा लगानी गर्ने योजना बनाएको छ। यसरी, स्थानीय तहको रुपमा उर्लाबारी नगरपालिकाले संवैधानिक व्यवस्थालाई नजिकबाट कार्यान्वयन गर्दै नागरिकप्रतिको आफ्नो जिम्मेवारी पूरा गरिरहेको छ।

मौलिक हकको कार्यान्वयनको लागि परियोजनाले केही विशिष्ट आयामहरूलाई प्राथमिकता दिएको छ। जस्तैः बालबालिकाको पहुँच र स्थायित्व (भर्ना दर बढाउने र टिकाउ दर कायम राख्ने), शिक्षाका कर्मचारी तथा शिक्षकको क्षमता विकास गर्ने, र शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग गर्ने रणनीतिहरू यसमा समावेश छन्। यी सबै प्रयासहरू संविधानले परिकल्पना गरेको 'गुणस्तरीय' शिक्षा सुनिश्चित गर्न तर्फ केन्द्रित छन्, जहाँ शिक्षा प्राप्त गर्ने अधिकार मात्र होइन, प्राप्त शिक्षा जीवनोपयोगी र समय सान्दर्भिक पनि होस्।

तसर्थ, उर्लाबारी गुणस्तरीय शिक्षा सुधार परियोजनाले नेपालको संविधानको मौलिक हकको मर्मलाई आत्मसात् गर्दै, गुणस्तरीय शिक्षालाई नगरपालिकाको प्राथमिकताको पहिलो सूचीमा राखेको छ। परियोजनाको लक्ष्य, रणनीति र कार्यक्रमहरू संवैधानिक व्यवस्थाको आधारमा तयार पारिएको हुनाले, यसले आगामी दुई वर्षभित्र शिक्षाको गुणस्तरमा उल्लेख्य सुधार ल्याउने अपेक्षा गरिएको छ। यो परियोजना



प्रमुख प्रशासकीय अधिकृत

बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्ने उद्देश्यसँग पनि जोडिएको छ, जसले शिक्षाको हकलाई नगरको सम्पूर्ण विकासको केन्द्रबिन्दुमा स्थापित गर्दछ।

## संघीय व्यवस्थामा तिनै तहको साझा जिम्मेवारी

नेपालको संविधानको संघीय व्यवस्थाअन्तर्गत शिक्षाको व्यवस्थापन र सञ्चालन तीनै तहका सरकार (संघ, प्रदेश र स्थानीय तह) को साझा जिम्मेवारीका रूपमा रहेको छ। संविधानको अनुसूचीहरूमा अधिकारको बाँडफाँड गरी शिक्षा सम्बन्धी अधिकारलाई संघको एकल, संघ र प्रदेशको साझा (साझा अधिकार सूची), स्थानीय तहको एकल र संघ, प्रदेश र स्थानीय तहको साझा (साझेदारी सूची) मा राखिएको छ। यसले शिक्षाको अधिकारलाई सम्पूर्ण नागरिकसम्म पुऱ्याउनका लागि बहु-सरकारीय सहकार्यको अवधारणालाई स्थापित गरेको छ।

नेपालको संविधानको विभिन्न अनुसूचीहरूले शिक्षाको व्यवस्थापनमा तीनै तहको भूमिकालाई निम्नअनुसार स्पष्ट पारेको छः

क. संघीय तहको प्रमुख जिम्मेवारी (संघीय सूची र साझा सूचीमा आधारित):

- राष्ट्रिय शिक्षा नीतिः राष्ट्रिय नीति, मापदण्ड र नियमनको तर्जुमा।
- केन्द्रीय विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानः केन्द्रीयस्तरका विश्वविद्यालय, उच्च प्राविधिक तथा विशेष शिक्षाका संस्थाको सञ्चालन र व्यवस्थापन।
- शैक्षिक गुणस्तरः राष्ट्रिय शैक्षिक गुणस्तर कायम गर्ने र अनुगमन गर्ने।
- अन्तर्राष्ट्रिय सहयोगः शिक्षामा अन्तर्राष्ट्रिय समन्वय र सहयोग।

ख. प्रदेश तहको प्रमुख जिम्मेवारी (प्रदेश सूची र साझा सूचीमा आधारित):

- प्रदेश शिक्षा नीतिः प्रदेशको आवश्यकताअनुसारको शिक्षा नीति तथा कानुन निर्माण।
- उच्च शिक्षा तथा विश्वविद्यालयः संघीय सूचीमा नपरेका प्रादेशिकस्तरका विश्वविद्यालय तथा उच्च शिक्षाको व्यवस्थापन।
- शैक्षिक समन्वयः संघ र स्थानीय तहबीच शैक्षिक समन्वय कायम गर्ने।
- पाठ्यक्रम र पाठ्यपुस्तकः प्रदेशको आवश्यकता अनुसारको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्ने।

ग. स्थानीय तहको प्रमुख जिम्मेवारी (स्थानीय तहको एकल र साझा सूचीमा आधारित):

- आधारभूत तथा माध्यमिक शिक्षाः आधारभूत (कक्षा १—८) र माध्यमिक शिक्षा (कक्षा ९—१२) को व्यवस्थापन र सञ्चालन गर्ने (यो स्थानीय तहको एकल अधिकार सूचीमा छ)।
- शैक्षिक निरीक्षणः विद्यालयको निरीक्षण, अनुगमन र मूल्याङ्कन गर्ने।
- शिक्षक व्यवस्थापनः शिक्षक, कर्मचारीको दरबन्दी मिलान र व्यवस्थापन गर्ने।
- पाठ्यक्रम/पाठ्यपुस्तकः स्थानीय आवश्यकतानुसारको पाठ्यक्रम र पाठ्यपुस्तकको विकास, अनुमति र नियमन गर्ने।
- विद्यालय सञ्चालन अनुमतिः विद्यालय स्थापना, सञ्चालन, अनुमति र नियमन गर्ने।

घ. साझेदारी सूची र शैक्षिक सुशासनको स्थापना

शिक्षा केवल एकल अधिकारको विषय नभई, संघ, प्रदेश र स्थानीय तहको साझा सूची (अनुसूची ९) मा पनि रहेको छ। यसले शिक्षामा तिनै तहको सहकार्य र समन्वय अपरिहार्य रहेको देखाउँछ। उदाहरणका लागि, विद्यालय शिक्षाको मापदण्ड निर्माणमा संघले नेतृत्व लिए पनि, सो मापदण्डको प्रभावकारी कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा प्रदेश र स्थानीय तहको सक्रिय भूमिका रहन्छ। यस साझा जिम्मेवारीको मूल मर्म भनेको शैक्षिक सुशासन कायम गर्नु र नागरिकको मौलिक हकको रूपमा शिक्षाको सुनिश्चितता गर्नु हो।

यसर्थ संविधानले शिक्षालाई तीनै तहको साझा तथा विशिष्ट जिम्मेवारीको रूपमा बाँडफाँड गरेर गुणस्तरीय शिक्षाको अधिकारलाई स्थानीय तहबाटै सुनिश्चित गर्ने आधार तयार पारेको छ। उर्लाबारी गुणस्तरीय शिक्षा सुधार परियोजनाले यही संवैधानिक मर्मलाई आत्मसात् गरी स्थानीय तहको एकल र साझा जिम्मेवारीहरूलाई मूर्त रूप दिन खोजेको छ। शिक्षाको अधिकारलाई वास्तविक अर्थमा सार्थक बनाउनका लागि संघले नीति र मापदण्ड तोक्ने, प्रदेशले समन्वय गर्ने र स्थानीय तहले कार्यान्वयनको नेतृत्व लिने बहुआयामिक र समन्वयात्मक प्रयास आवश्यक छ।

## आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको जिम्मेवारी

नेपालको संघीय शासन प्रणालीमा शिक्षाको व्यवस्थापनमा एउटा दूरगामी परिवर्तन आएको छ, जसअनुसार आधारभूत (कक्षा १-८) र माध्यमिक (कक्षा ९-१२) तहसम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन र सञ्चालनको जिम्मेवारी स्थानीय तहको एकल अधिकार सूचीमा राखिएको छ। नेपालको संविधानको अनुसूची ८ ले यो अधिकार स्थानीय सरकारलाई सुम्पिएको छ। यस संवैधानिक व्यवस्थाले शिक्षामा स्थानीय सरकारको भूमिकालाई केवल सहायक वा सहयोगीको रूपमा मात्र नभई, कार्यान्वयनकारी नेतृत्वको रूपमा स्थापित गरेको छ।

### १. स्थानीय तहको एकल जिम्मेवारीका प्रमुख आयामहरू

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा आएसँगै, उर्लाबारी नगरपालिकाले निम्न मुख्य कार्यहरूमा प्रत्यक्ष नेतृत्व लिनुपर्ने भएको छः

- विद्यालय सञ्चालन अनुमति, नियमन र खारेजीः
    - उर्लाबारी नगरपालिकाले नयाँ निजी विद्यालय खोल्न अनुमति दिने, पहिलेदेखि सञ्चालनमा रहेका विद्यालयहरूको मापदण्ड पालना भए नभएको अनुगमन गर्ने र आवश्यक परेमा नियमविपरीत सञ्चालित विद्यालयको अनुमति खारेज गर्ने कार्य गर्दछ। यसले शिक्षाको गुणस्तर र पहुँचमा स्थानीय आवश्यकताअनुसार नियन्त्रण कायम गर्दछ।
- शैक्षिक निरीक्षण, अनुगमन र मूल्याङ्कनः
    - उर्लाबारी नगरपालिकाको शिक्षा शाखाले शिक्षकहरूको कक्षाकोठाको शिक्षण सिकाइ प्रक्रिया, विद्यालय व्यवस्थापन, र विद्यार्थीको उपलब्धिस्तर नियमित रूपमा निरीक्षण र

मूल्याङ्कन गर्न शिक्षा निरीक्षक खटाउँछ। यसको उद्देश्य समस्या पहिचान गरी तत्काल सुधार गर्न सहयोग पुऱ्याउनु हो।

- शिक्षक तथा कर्मचारी व्यवस्थापन र दरबन्दी मिलानः
  - नगरभित्रका कुन विद्यालयमा शिक्षकको कमी छ वा कहाँ धेरै शिक्षक छन् भनी पहिचान गरी नगरपालिकाले दरबन्दी मिलान गर्ने कार्य गर्दछ। साथै, नगरपालिकाले आवश्यकताअनुसार अस्थायी वा करार शिक्षकहरूको व्यवस्थापन र स्थानीय तहका कर्मचारीहरूको परिचालन पनि गर्न सक्दछ।
- स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक विकासः
  - उर्लाबारी नगरपालिकाले आफ्नो स्थानीय संस्कृति, इतिहास, सीप र आवश्यकतालाई समेटेर स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालयहरूमा लागू गर्न सक्छ। उदाहरणका लागि, स्थानीय भाषा वा कृषि प्रविधिसम्बन्धी विषयवस्तु समेटेर नयाँ पाठ्यपुस्तक विकास गर्न सकिन्छ।
- शैक्षिक पूर्वाधार निर्माण तथा व्यवस्थापनः
  - विद्यालय भवन मर्मत, नयाँ कक्षाकोठा निर्माण, शौचालय तथा खानेपानीको व्यवस्था, र कम्प्युटर/विज्ञान प्रयोगशाला स्थापना गर्नेजस्ता भौतिक पूर्वाधारको विकास र व्यवस्थापनको नेतृत्व नगरपालिकाले गर्दछ।

## परियोजना तर्जुमाको उद्देश्य

यस परियोजनाको मुल उद्देश्य आधारभुत तथा माध्यमिक शिक्षाको गुणस्तर सुधार तथा पहुँच अभिवृद्धि नै हो । यसका अन्य उद्देश्यहरु देहाय बमोजिम छन्:

- गुणस्तरीय शिक्षाको मार्गचित्र तयार गर्नु,
- गुणस्तरीय शिक्षाको अवरोधका क्षेत्र पहिचान गर्नु,
- गुणस्तरीय शिक्षाको सुधारको आयाम तथा प्राथमिकताका क्षेत्र निर्धारण गर्नु,
- प्राथमिकताका आधारमा रणनीति तथा कार्यक्रम तर्जुमा गर्नु,
- गुणस्तरीय शिक्षाका लागि सरोकारवालाको स्पष्ट भूमिका निर्धारण गर्नु,
- बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्नु ।

## विद्यमान नीतिगत तथा कार्यक्रमगत व्यवस्था

नेपालको शिक्षा क्षेत्रको वर्तमान नीतिगत तथा कार्यक्रमगत व्यवस्था नेपालको संविधान, ऐन, नियम, नीति र योजनाहरूको बलियो जगमा आधारित छ। यसको मूल लक्ष्य शिक्षाको मौलिक हकको प्रभावकारी कार्यान्वयन गरी दिगो विकासको लक्ष्य (SDG) ४ गुणस्तरीय शिक्षा हासिल गर्नु रहेको छ।

### १. संवैधानिक र कानुनी आधारहरूः

नेपालको संविधानले शिक्षालाई प्रत्येक नागरिकको मौलिक हकका रूपमा स्थापित गर्दै (धारा ३१), आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षालाई निःशुल्क बनाएको छ। साथै,



प्रमुख प्रशासकीय अधिकृत

संघीयताको मर्मअनुरूप आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनको एकल जिम्मेवारी स्थानीय तहलाई सुम्पेको छ। यसै संवैधानिक आधारलाई कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले अनिवार्य तथा निःशुल्क शिक्षाको अधिकारलाई व्यवहारमा उतार्न कानुनी बाटो खोलेको छ, जसले कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित नहोस् भन्ने सुनिश्चितता गर्दछ। यस अघिको शिक्षा ऐन २०२८ र नियमावली २०५९ ले शिक्षाको व्यवस्थापनको लागि लामो समयसम्म आधार प्रदान गर्‍यो, यद्यपि संघीयताको कार्यान्वयनसँगै यसका धेरैजसो अधिकारहरू स्थानीय तहमा हस्तान्तरण भएका छन्।

## २. नीतिगत मार्गदर्शन र नियमनः

राष्ट्रिय शिक्षा नीति २०७६ ले शिक्षामा समता, गुणस्तर, सान्दर्भिकता र जीवनोपयोगिता कायम गर्ने बृहत् उद्देश्य लिएको छ। यसले संघीय ढाँचाअनुरूप शिक्षा प्रणालीलाई पुनर्संरचना गर्ने, शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग बढाउने र व्यावसायिक तथा प्राविधिक शिक्षालाई जोड दिनेजस्ता प्रमुख व्यवस्थाहरूको मार्गदर्शन गरेको छ।

त्यसैगरी, संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका २०६९ ले निजी विद्यालयहरूको स्थापना, सञ्चालन र नियमनका लागि स्पष्ट मापदण्डहरू तोकेको छ। यसको उद्देश्य निजी विद्यालयहरूले गुणस्तरीय सेवा प्रदान गरुन् र विद्यार्थीको हकहित संरक्षण होस् भन्ने सुनिश्चित गर्नु हो।

## ३. दिगो विकास लक्ष्यसँगको जोड (SDG 4):

यी सबै नीतिगत र कानुनी व्यवस्थाहरूको साझा र केन्द्रीय उद्देश्य SDG 4 (समतामूलक तथा समावेशी गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि आजीवन सिक्ने अवसर प्रवर्द्धन गर्ने) सँग प्रत्यक्ष रूपमा जोडिएको छ। संविधानले निःशुल्क शिक्षाको प्रत्याभूति दिएर 'समावेशी' र 'समतामूलक' शिक्षाको आधार तयार गर्दछ भने राष्ट्रिय शिक्षा नीतिले शिक्षाको 'गुणस्तर' र 'जीवनोपयोगिता' मा जोड दिएर SDG 4 को लक्ष्य हासिल गर्ने प्रतिबद्धता व्यक्त गर्दछ। उर्लाबारी गुणस्तरीय शिक्षा सुधार परियोजनाले स्थानीयस्तरमै यी नीतिहरूको सफल कार्यान्वयन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक लक्ष्यहरूलाई सार्थक तुल्याउन खोजेको छ।

## ४) उर्लाबारी नगरपालिका नगर शिक्षा ऐन २०७९ र सोको नियमावली, २०७९

नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षासम्बन्धी मौलिक हकहरूलाई उर्लाबारी नगरपालिकाभित्र व्यवहारमा उतार्नका लागि उर्लाबारी नगरपालिका नगर शिक्षा ऐन २०७९ र सोको नियमावली २०७९ तर्जुमा गरिएको छ। यी स्थानीय कानुनहरूले आधारभूत तथा माध्यमिक शिक्षामा सबैको सहज र समतामूलक पहुँच सुनिश्चित गर्दै शिक्षालाई लोकतान्त्रिक मूल्यमान्यतामा आधारित, गुणस्तरीय, जीवनोपयोगी एवं प्रतिस्पर्धी बनाउने लक्ष्य लिएका छन्। उक्त ऐन र नियमावलीले गुणस्तरीय शिक्षाको सम्बन्धमा निम्न महत्त्वपूर्ण व्यवस्थाहरू समावेश गरेका छन्:

- शिक्षा प्राप्त गर्ने अधिकारलाई सबै बालबालिकाको आधारभूत अधिकारको रूपमा सुनिश्चित गरिएको छ।



प्रमुख प्रशासकीय अधिकृत

- अनिवार्य तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षाको व्यवस्था गरी संविधानको मर्मअनुसार कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित नहुने ग्यारेन्टी गरिएको छ।
- बाध्यात्मक अवस्थामा विद्यार्थीलाई शिक्षामा टिकाउनका लागि स्वास्थ्य उपचारको प्रबन्ध समेतको व्यवस्था गरी बालबालिकाको चौतर्फी विकासलाई प्राथमिकता दिइएको छ।
- बढ्दो बजारको मागअनुसार युवाहरूलाई प्रतिस्पर्धी बनाउन प्राविधिक शिक्षा सम्बन्धी व्यवस्थालाई प्रवर्द्धन गर्ने नीति पनि ऐनमा समेटिएको छ।

यी व्यवस्थाहरूमार्फत नगरपालिकाले बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक गुणस्तरीय शैक्षिक वातावरण तयार गर्न आफ्नो संवैधानिक जिम्मेवारी पूरा गरेको छ।

## ५. छात्रवृत्ति वितरण कार्यविधि २०७९

उर्लाबारी नगरपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०७९ अनुसार नगरपालिकाभित्रका मेधावी र आर्थिक रूपमा विपन्न विद्यार्थीहरूलाई शैक्षिकप्राविधिक सहायता प्रदान गर्ने व्यवस्था गरिएको छ। /यस कार्यविधिले कक्षा ११ र १२ मा विज्ञान संकाय, प्राविधिक धारमा अध्ययनरत (प्रत्येक वडाबाट २ जनाका दरले) र उर्लाबारी क्याम्पसमा पढ्ने २० जना विपन्न तथा जेहेन्दार विद्यार्थी गरी जम्मा ३८ वटा कोटा निर्धारण गरेको छ । यस कार्यविधिले विद्यार्थी छनौटको लागि आवेदन, कागजात प्रमाणीकरण (शैक्षिक प्रमाणपत्र, नागरिकता, विपन्नता /अपाङ्गता प्रमाण) योग्यता मूल्याङ्कन प्रक्रिया सुनिश्चित गरेको छ। वडा कार्यालय र समन्वय समितिले आवेदन प्राप्त गरी अन्तिम सूची तयार गर्ने जिम्मेवारी पाउँछन्। स्वीकृत छात्रवृत्ति रकम नगद वा बैंक मार्फत भुक्तानी गरिन्छ। साथै, नगरपालिकाले कार्यविधिको अनुगमन, सुधार तथा कारबाहीको व्यवस्था पनि गरेको छ, जसले छात्रवृत्ति वितरणलाई प्रभावकारी, समान तथा समावेशी बनाउँछ।

## ६. कार्यक्रम कार्यान्वयन पुस्तिका

कार्यक्रम कार्यान्वयन कार्यविधिले संघीय, प्रदेश र स्थानीय तहमा नीति, योजना तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रक्रिया निर्धारण गर्दछ। यसमा कार्यक्रम प्रस्तावआवेदन स्वीकृति/, बजेट विनियोजन, स्रोतको उपयोग, सञ्चालन, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रस्तुत गर्ने व्यवस्था समावेश छ। कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित निकायहरूको कर्तव्य र जिम्मेवारी, समयसीमा, पारदर्शी प्रक्रिया, तथा समन्वय सुनिश्चित गर्ने व्यवस्था गरिएको छ। साथै, कार्यक्रमको प्रभावकारिता, सहभागी निकाय र समुदायको सहभागिता, र नियमित अनुगमन प्रणालीलाई प्राथमिकता दिइएको छ, जसले लक्ष्य प्राप्ति र स्रोतको न्यायोचित प्रयोग सुनिश्चित गर्दछ ।

## ७. सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना २०८०-०८३

सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना २०८०-०८३ ले विद्यालय शिक्षामा सबै अवस्थाका बालबालिकाको सहज र समतामूलक पहुँच सुनिश्चित गर्ने एक महत्वाकांक्षी लक्ष्य लिएको छ। यो परियोजना केवल भौतिक पहुँचमा मात्र सीमित नभई, प्रविधियुक्त सिकाइ वातावरण सिर्जना गरी शैक्षिक

गुणस्तरमा समयानुकूल सुधार ल्याउनमा केन्द्रित छ। यसको अर्को महत्वपूर्ण उद्देश्य विद्यार्थीमा भएको अन्तर्निहित प्रतिभाको प्रस्फुटन तथा विकास हुने वातावरण सिर्जना गर्नु हो, जसले गर्दा उनीहरूको शिक्षा जीवनोपयोगी बन्न सकोस्। साथै, विद्यालयको समग्र शैक्षिक सुशासन, पारदर्शिता र व्यवस्थापकीय पक्षमा समय सान्दर्भिक सुधार गर्नका लागि विद्यालयका सरोकारवालाहरू (शिक्षक, अभिभावक र व्यवस्थापन समिति) को क्षमता विकासमा पनि विशेष जोड दिइएको छ। यो परियोजना बालकेन्द्रित सुधारका अतिरिक्त निरक्षर प्रौढहरूलाई साक्षर बनाई उनीहरूलाई जीवनोपयोगी सीप प्रदान गर्ने साक्षरता कार्यक्रममार्फत सामुदायिक शिक्षाको पहुँच र सान्दर्भिकतालाई फराकिलो पार्न कटिबद्ध छ, जसले गर्दा शिक्षाको बहुआयामिक विकास सम्भव होस्।

## ८. स्थानीय तहको नीति कार्यक्रम तथा बजेट पुस्तिका २०८२-०८३

भौतिक पूर्वाधार, शैक्षिक गुणस्तर र प्रशासनिक सुशासनको क्षेत्रमा नगरपालिकाले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयको भौतिक पूर्वाधार मर्मत, घेराबार, शुद्ध पिउने पानी, शौचालय र अपाङ्गमैत्री संरचना निर्माण गर्दै शिक्षण संस्थालाई प्रविधिमैत्री बनाउने नीति लिएको छ । शैक्षिक सुधारका लागि विद्यालय नक्सांकनका आधारमा शिक्षक विद्यार्थी अनुपात मिलान, स्वयंसेवक शिक्षक परिचालन, प्रधानाध्यापक र शिक्षकबीच कार्यसम्पादन करार, र शिक्षकको मूल्याङ्कनलाई पुरस्कार तथा सरुवासँग जोड्ने कडा व्यवस्था गरिएको छ । साथै, कक्षा ५ र ८ को नगरस्तरीय परीक्षालाई व्यवस्थित गर्ने, अनुमति नलिएका शैक्षिक संस्था सञ्चालनमा रोक लगाउने, संस्थागत विद्यालयको नियमन गर्ने र विज्ञहरूको रोष्टर तथा विभिन्न समितिहरूमार्फत विद्यालयको नियमित अनुगमन एवं सुपरिवेक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने योजना अघि सारिएको छ ।

यसैगरी विद्यार्थी कल्याण, अतिरिक्त क्रियाकलाप र समावेशी शिक्षाको क्षेत्रमा विद्यार्थीको सर्वांगीण विकासका लागि विपन्न तथा सिमान्तकृत वर्गलाई छात्रवृत्ति, फरक क्षमता भएका बालबालिकाका लागि विशेष कार्यक्रम, र 'उपमेयरसँग बालबालिका कार्यक्रम अन्तर्गत मनोपरामर्श सेवा प्रदान गरिनेछ । दिवा खाजामा स्थानीय र पोसिलो खाना अनिवार्य गर्दै जंक फुड निषेध गरिएको छ भने विद्यार्थीमा नैतिकता र नेतृत्व विकास गर्न स्काउट, बाल क्लब परिचालन गर्नुका साथै लागुऔषध र विपद् व्यवस्थापन सम्बन्धी सचेतना जगाइनेछ । पाठ्यक्रममा आधारित अतिरिक्त क्रियाकलाप (खेलकुद, योग, संगीत), भाषा संस्कृति संरक्षण र मदन भण्डारी प्लानेटोरियम निर्माण जस्ता योजनाहरू समावेश गर्दै परम्परागत विद्यालयहरूको संरक्षण गर्ने नीति समेत लिइएको छ ।



प्रमुख प्रशासकीय अधिकृत

# परिच्छेद ३ समीक्षा तथा परियोजना तर्जुमा प्रकृया

## विगतको प्रयासको समिक्षा

आ.व. ०८१/०८२ बाट सुरु भएको गुणस्तरीय शिक्षा तथा साक्षरता परियोजनाको प्रस्ताव पेश गर्दा यस नगरक्षेत्र भित्रका विद्यालयहरुको शैक्षिक सुधार तथा साक्षरता अभिवृद्धि गर्नका लागि २६ वटा बुँदामा काम गर्ने गरी कार्यक्रम निर्धारण भएको र उक्त कार्यका लागि राष्ट्रिय योजना आयोगबाट प्राप्त भएको ३ वर्षे विशेष अनुदानको रकम रु. ९९४०००००/- बाट विद्यालयहरुमा अधुरा रहेका भवनहरुको निर्माण, शौचालय निर्माण, घेराबाराको कार्य, जस्तापाता फेर्ने, खानेपानीको व्यवस्थापन, खेलकूद कार्यक्रम तथा प्रतिभा पहिचानका कार्यहरु गर्नुका साथै विद्यालयमा भएको विषयगत शिक्षकको अभावलाई न्युनिकण गर्नका लागि स्वयम् सेवक शिक्षकको अवधारणालाई समेत कार्यविधि निर्माण गरि यसको उचित व्यवस्थापन सुरु गरिएको छ यसबाट विद्यार्थीहरुको सामुदायिक विद्यालय प्रतिको आकर्षण बढ्नुका साथै सिकाइ उपलब्धी वृद्धि भई विद्यार्थीको भर्नादर र टिकाउदरमा समेत सुधार भएको देखिन्छ । विद्यालयमा प्रविधिमैत्री शिक्षण सिकाइका लागि शिक्षकहरुलाई कम्प्युटर सम्बन्धी तालिम, कम्प्युटर तथा प्रिन्टरको व्यवस्था, स्मार्ट बोर्ड, इ-हाजिरी सि सि क्यामरा जडान लगायतका कार्यहरु आंशिक रुपमा भएता पनि यसलाई थप व्यवस्थित गर्नुपर्ने देखिन्छ । प्रस्तावित कार्यक्रमहरु मध्ये शिक्षक तथा प्रधानाध्यापकका लागि सीप तथा नेतृत्व विकास सम्बन्धी तालिम, विद्यालय व्यवस्थापन समिति र पि टी ए का पदाधिकारीहरुलाई शैक्षिक सुधार, आर्थिक पारदर्शिता र व्यवस्थापकीय सीप विकासका लागि क्षमता विकास तालिमको आवश्यकता रहनुका साथै खेलकूद र अतिरिक्त क्रियाकलापका कार्यहरुलाई समेट्दै जानुपर्ने आवश्यकता देखिएको छ । अन्य विस्तृत विवरण देहाय बमोजिम रहको छः

- नीतिगत व्यवस्था, पूर्वाधार विकास र शैक्षिक सुधार अन्तर्गत उर्लाबारी नगरपालिकाले स्थानीय भौगोलिक विशेषता र आवश्यकतालाई समेटेर कक्षा १ देखि ८ सम्म "हाम्रो उर्लाबारी" नामक स्थानीय पाठ्यक्रम शैक्षिक वर्ष २०८१ बाट कार्यान्वयनमा ल्याएको छ ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि 'सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना (२०८०-०८३)' सञ्चालनमा रहेको छ, जसअन्तर्गत विशेष अनुदानबाट प्राप्त पाँच करोड रुपैयाँ विद्यालयका भौतिक पूर्वाधार सुधारमा खर्च गरिएको छ । यस अन्तर्गत १३ वटा विद्यालयमा जस्तापाता फेर्ने, नुनसरी, सृजना र लक्ष्मी मा.वि.मा भवन निर्माण, विभिन्न विद्यालयमा शौचालय निर्माण, रङरोगन, र आईसीटी (ICT) ल्याब व्यवस्थापन जस्ता महत्वपूर्ण कार्यहरू सम्पन्न भएका छन् । साथै, विद्यालयहरूमा ई-हाजिरी अनिवार्य गरिएको छ र विद्यालय सुधार योजना तथा सामाजिक परीक्षणका कार्यहरूलाई नियमित गरिएको छ ।
- शैक्षिक सुचकांक र परीक्षा नतिजा अन्तरगत शैक्षिक वर्ष २०८० को तुलनामा २०८१ मा केही शैक्षिक सुचकहरूमा सुधार देखिएको छ। कक्षा १ मा भर्ना हुने नवप्रवेशीहरूमा पूर्व प्राथमिक शिक्षाको अनुभव ८२.९ प्रतिशतबाट बढेर ८८.४ प्रतिशत पुगेको छ भने माध्यमिक तहको खुद भर्नादर ५१.४ बाट बढेर ५४.५ प्रतिशत पुगेको छ । परीक्षा नतिजाको हकमा, सामुदायिक विद्यालयहरूको एस.इ.इ. (SEE) २०८१ को औसत उत्तीर्ण प्रतिशत ६६.६७ प्रतिशत रहेको छ

भने संस्थागत विद्यालयहरूको ९८.१९ प्रतिशत रहेको छ । कक्षा १२ को नतिजामा भने राधिका माध्यमिक विद्यालय र मोरङ मोडल आवासीय मा.वि.मा विद्यार्थी संख्या र उत्तीर्ण संख्या उच्च देखिएको छ ।

- विद्यार्थी प्रोत्साहन, छात्रवृत्ति र स्वास्थ्य सुविधा अन्तरगत नगरपालिकाले शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न विभिन्न प्रकारका छात्रवृत्तिहरू वितरण गरेको छ। दलित, छात्रा, अपाङ्गता भएका, र विपन्न वर्गका विद्यार्थीहरूका लागि कुल १६,६०,८०० रुपैयाँ बराबरको छात्रवृत्ति वितरण गरिएको छ, जसमा क्याम्पस स्तरका र प्राविधिक धारका विद्यार्थीहरूका लागि विपन्न तथा जेहेन्दार छात्रवृत्ति समेत समावेश छ ।
- किशोरीहरूको स्वास्थ्यलाई ध्यानमा राख्दै संघीय सशर्त कार्यक्रम अन्तर्गत २१ वटा सामुदायिक विद्यालयहरूमा सेनेटरी प्याड र प्याड डिस्पोजल मेसिनहरू वितरण गरी प्रभावकारी कार्यान्वयन गरिएको छ । यसका अलावा दिवा खाजा र निःशुल्क पाठ्यपुस्तक वितरणका कार्यक्रमहरू पनि सञ्चालनमा रहेका छन् ।
- वित्तीय प्रगति र सुशासन अन्तरगत आर्थिक वर्ष २०८१/०८२ मा शिक्षा क्षेत्रका लागि विनियोजित बजेटको खर्च प्रगति सन्तोषजनक देखिएको छ। संघीय विशेष अनुदान तर्फ ९६.४३ प्रतिशत र संघीय सशर्त कार्यक्रम तर्फ ८८.७२ प्रतिशत बजेट खर्च भएको छ । आन्तरिक स्रोततर्फ पनि ८८.८३ प्रतिशत रकम खर्च भएको देखिन्छ ।
- सुशासन प्रवर्धनका लागि सबै सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षण सम्पन्न भएको छ भने अन्तिम लेखा परीक्षणको कार्य बाँकी रहेको छ । नगर शिक्षा समितिको बैठक नियमित रूपमा बसी शुल्क निर्धारण, कक्षा थप सिफारिस, र दरबन्दी मिलान जस्ता महत्वपूर्ण निर्णयहरू गरिएको छ ।

माथि उल्लेख गरिएका उपलब्धीका बावजुद गुणस्तरिय शिक्षा तथा साक्षरताको उद्देश्य प्राप्तिका सन्दर्भमा केही गम्भीर समस्याहरू पहिचान गरिएका छन्। शाखामा अभिलेख व्यवस्थापनका लागि कोठाको अभाव, कर्मचारी तथा शिक्षक दरबन्दीको न्यूनता, र विषयगत शिक्षकको अभाव मुख्य चुनौतीका रूपमा रहेका छन् । साथै, धेरै विद्यालयहरूमा बालमैत्री र अपाङ्गमैत्री भौतिक संरचनाको कमी महसुस गरिएको छ । यी समस्याहरूको समाधानका लागि शिक्षा शाखाका लागि छुट्टै कोठाको व्यवस्था गर्ने, दरबन्दी नभएका विद्यालयहरूमा निजी स्रोत वा आन्तरिक मिलानबाट शिक्षक व्यवस्थापन गर्ने, र विद्यालय भवनहरूलाई क्रमशः बालमैत्री तथा अपाङ्गमैत्री बनाउँदै लैजाने उपायहरू प्रस्ताव गरिएको छ ।

### लक्ष्य तथा उपलब्धी

विगतक प्रयासका आधारमा देहायका उपलब्धीहरु तथ्यांकीय रुपमा प्रस्तुत गरिएको छः

| क्र.सं. | शीर्षक | विगतका प्रयासको लक्ष्य | हासिल उपलब्धि |
|---|---|---|---|
| १ | नीतिगत व्यवस्था र | स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्ने। | कक्षा १ देखि ८ सम्म "हाम्रो उर्लाबारी" नामक स्थानीय पाठ्यक्रम शैक्षिक वर्ष २०८१ बाट कार्यान्वयनमा ल्याइयो। |

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | शैक्षिक सुधार | | |
| २ | भौतिक पूर्वाधार विकास | सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधार गर्ने। | 'सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना (२०८०-०८३) अन्तर्गत विशेष अनुदानबाट पाँच करोड रुपैयाँ भौतिक पूर्वाधार सुधारमा खर्च गरियो। यस अन्तर्गत १३ वटा विद्यालयमा जस्तापाता फेर्ने, भवन निर्माण, शौचालय निर्माण, रङरोगन, र आईसीटी (ICT) ल्याब व्यवस्थापन जस्ता कार्यहरू सम्पन्न गरियो। |
| ३ | शैक्षिक सूचकांक | भर्ना दरमा सुधार ल्याउने। | कक्षा १ मा भर्ना हुने नवप्रवेशीहरूमा पूर्व प्राथमिक शिक्षाको अनुभव ८२.९% बाट बढेर ८८.४% पुग्यो। माध्यमिक तहको खुद भर्नादर ५१.४% बाट बढेर ५४.५% पुग्यो। |
| ४ | परीक्षा नतिजा (SEE) | गुणस्तर वृद्धि गर्ने। | सामुदायिक विद्यालयहरूको एस.इ.इ. (SEE) २०८१ को औसत उत्तीर्ण प्रतिशत ६६.६७% रह्यो (संस्थागत विद्यालयहरूको ९८.१९%)। |
| ५ | विद्यार्थी प्रोत्साहन र स्वास्थ्य सुविधा | छात्रवृत्ति वितरण र स्वास्थ्य सुनिश्चित गर्ने। | कुल १६,६०,८०० रुपैयाँ बराबरको छात्रवृत्ति (दलित; छात्रा, अपाङ्गता भएका, विपन्न वर्गका विद्यार्थी र प्राविधिक धारका लागि) वितरण गरियो। २१ वटा सामुदायिक विद्यालयहरूमा सेनेटरी प्याड र प्याड डिस्पोजल मेसिनहरू वितरण गरियो। |
| ६ | वित्तीय प्रगति | विनियोजित बजेटको प्रभावकारी खर्च गर्ने। | संघीय विशेष अनुदान तर्फ ९६.४३% र संघीय सशर्त कार्यक्रम तर्फ ८८.७२% बजेट खर्च भयो। आन्तरिक स्रोततर्फ पनि ८८.८३% रकम खर्च भएको देखिन्छ। |
| ७ | शैक्षिक सुशासन | सामाजिक परीक्षण र लेखा परीक्षण गर्ने। | सबै सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षण सम्पन्न भएको छ। नगर शिक्षा समितिको बैठक नियमित बसी शुल्क निर्धारण, कक्षा थप सिफारिस, र दरबन्दी मिलान जस्ता महत्वपूर्ण निर्णयहरू गरियो। विद्यालयहरूमा ई-हाजिरी अनिवार्य गरियो। |
| ८ | प्रशासनिक समस्याको पहिचान | (समस्याको पहिचान मात्र) | शिक्षा शाखामा अभिलेख व्यवस्थापनका लागि कोठाको अभाव, कर्मचारी तथा शिक्षक दरबन्दीको न्यूनता, र विषयगत शिक्षकको अभाव मुख्य चुनौतीका रूपमा पहिचान गरिएका छन्। साथै, धेरै विद्यालयहरूमा बालमैत्री र अपाङ्गमैत्री भौतिक संरचनाको कमी महसुस गरिएको छ। |



प्रमुख प्रशासकीय अधिकृत

## अप्राप्त लक्ष्य (Unachieved goal of Quality education and literacy project)

विगतको आर्थिक वर्षमा उर्लाबारी नगरपालिकाले स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयन, भौतिक पूर्वाधार निर्माणमा उल्लेखनीय भौतिक तथा वित्तीय प्रगति (संघीय विशेष अनुदान तर्फ ९६.४३%) र भर्ना दरमा सामान्य सुधार (माध्यमिक तहको खुद भर्नादर ५१.४% बाट ५४.५% पुऱ्याउने) जस्ता क्षेत्रमा उपलब्धि हासिल गरे तापनि, गुणस्तरीय शिक्षाको संवैधानिक मर्मलाई पूर्ण रूपमा साकार पार्न तथा गुणस्तरीय शिक्षा तथा साक्षरता परियोजनाको निम्न प्रमुख लक्ष्यहरू अपूर्ण रहेका छन्, जसलाई आगामी दुईवर्षे परियोजनाले सम्बोधन गर्नेछ।

- कमजोर सिकाई उपलब्धिमा उल्लेख्य सुधारः
  - ग्यापः सामुदायिक विद्यालयहरूको SEE नतिजा ६६.६७% मा सीमित हुनु र खासगरी गणित, विज्ञान तथा अङ्ग्रेजी विषयमा सिकाई उपलब्धि राष्ट्रिय औसतभन्दा कम रहनुले 'गुणस्तरीय शिक्षा' को लक्ष्य अपूरो छ।
  - लक्ष्यः परियोजना अवधिभित्र आधारभूत तथा माध्यमिक तहको सिकाई उपलब्धिमा कम्तीमा २० प्रतिशतले वृद्धि गर्ने।
- शैक्षिक पहुँच र स्थायित्व (टिकाउ दर) को सुनिश्चितताः
  - ग्यापः लक्षित वर्ग (दलित, सीमान्तकृत, अपाङ्गता भएका) को उच्च शिक्षामा पहुँच कम रहनु र आधारभूत तह पार गरेपछि माध्यमिक तहमा विद्यालय छाड्ने दर अझै उच्च हुनु।
  - लक्ष्यः शैक्षिक पहुँच तथा स्थायित्व (भर्ना दर र टिकाउ दर) लाई समग्रमा ९५ प्रतिशतभन्दा माथि पुऱ्याउने।
- शैक्षिक सुशासनको पूर्ण स्थापना र क्षमता विकासः
  - ग्यापः नगरपालिकाको शिक्षा शाखामा कर्मचारी तथा शिक्षक दरबन्दीको न्यूनता, विषयगत शिक्षकको अभाव, र विद्यालय व्यवस्थापन समितिको निष्क्रियताका कारण कमजोर अनुगमन र मूल्याङ्कन प्रणाली कायम हुनु।
  - लक्ष्यः विद्यालयको शैक्षिक सुशासनमा व्यापक सुधार गर्दै प्रधानाध्यापक र शिक्षकको शैक्षिक नेतृत्व तथा विषयगत क्षमता विकास गरी दरबन्दी मिलानको चुनौतीलाई पूर्ण रूपमा सम्बोधन गर्ने।
- बालमैत्री, अपाङ्गमैत्री तथा प्रविधिमैत्री पूर्वाधारको विकासः
  - ग्यापः धेरै विद्यालयमा बालमैत्री र अपाङ्गमैत्री भौतिक संरचनाको कमी हुनु, साथै शिक्षण सिकाईमा ICT (सूचना तथा सञ्चार प्रविधि) को न्यून प्रयोग हुनु।
  - लक्ष्यः शिक्षण सिकाइ प्रक्रियामा ICT को प्रभावकारी प्रयोगका लागि पूर्वाधार निर्माण र शिक्षक क्षमता अभिवृद्धि गरी बालमैत्री स्थानीय शासनलाई प्रवर्द्धन गर्ने।

तसर्थ, उर्लाबारी गुणस्तरीय शिक्षा सुधार परियोजना (२०८३/०८४-२०८४/०८५) ले विगतका प्रयासहरूबाट प्राप्त उपलब्धिको जगमा टेकेर, माथि उल्लेखित बाँकी रहेका लक्ष्यहरूको प्राप्तिका लागि विस्तृत रणनीति, कार्यक्रम र क्रियाकलापहरू (परिच्छेद ३) तर्जुमा गरेको छ, जसको कार्यान्वयन मार्फत् आगामी दुई वर्षभित्र शिक्षाको मौलिक हकलाई वास्तविक अर्थमा सार्थक बनाइनेछ।

## परियोजना तर्जुमा प्रकृया

परियोजना निर्माण प्रक्रियाको पहिलो चरणको रूपमा, सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना, २०८३ २०८४र२०८४ २०८५ (शैक्षिक गुणस्तर सुधार तथा साक्षरता कार्यक्रम) को ढाँचा, सर्वेक्षण औजार र विधि तयारी तथा कार्ययोजना स्वीकृति का लागि उर्लाबारी नगरपालिकाका नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, योजना अधिकृत, शिक्षा अधिकृत, आन्तरिक लेखापरीक्षण अधिकृत र शिक्षा समितिका पदाधिकारीहरूबिच एक दिने गोष्ठीमा बृहत् छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रमबाट परियोजनाका उद्देश्य र कार्यान्वयनको क्षेत्र निर्धारण, कार्यक्रमहरूको वर्गीकरण, प्राथमिकताका क्षेत्रहरू निर्धारण, परियोजनाको ढाँचा निर्धारण र कार्यक्रम सम्पन्न गर्न लाग्ने बजेट तथा समय सीमा निर्धारण गरी अन्तिम रूप दिइएको थियो।

दोस्रो चरणमा स्थलगत अनुगमन सञ्चालन गरी उर्लाबारी नगरपालिका अन्तर्गत परियोजना कार्यान्वयन क्षेत्रका सामुदायिक (२१ ओटा) एवं धार्मिक (४ ओटा) गरी कुल २५ ओटा विद्यालय मध्येबाट ९ ओटा विद्यालयहरूको सूची तयार गरियो। यस चरणमा छनोट गरिएका विद्यालयका प्रधानाध्यापकहरूसँग शैक्षिक सूचना सङ्कलन फारामसम्बन्धी अभिमुखीकरण र छलफल गरी स्थलगत अनुगमन कार्ययोजना निर्माण गरियो। विज्ञ समूहबाट ती विद्यालयहरूमा अनुगमन भ्रमण गरी शैक्षिक सूचना सङ्कलन फाराम प्रयोग गरियो र विद्यालयका प्रमुख, सरोकारवालाहरू, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरू, अभिभावक प्रतिनिधि, प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारी र विद्यार्थी प्रतिनिधिहरूसँग अन्तर्क्रिया गरी आवश्यकताको पहिचान तथा वास्तविक शैक्षिक समस्या पत्ता लगाउने कार्य गरियो। यसरी संकलित सल्लाह र सुझावबाट आएका विषयवस्तुहरूलाई परियोजना प्रस्तावमा समेट्ने प्रयास गरिएको थियो।

तेस्रो चरणमा सरोकारवालाहरूसँग अन्तरक्रिया र छलफल मा उर्लाबारी नगर क्षेत्रका सामुदायिक एवं धार्मिक विद्यालयका प्रधानाध्यापक एवं विद्यालय व्यवस्थापन समिति अध्यक्षहरू तथा यस क्षेत्रमा सफल अभ्यास भएका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानअध्यापक र प्रिन्सिपलहरूसँग एक दिने गोष्ठीमा बृहत् छलफल गरी उनीहरूले गरेका राम्रा अभ्यासहरूलाई परियोजना प्रस्तावमा समेट्ने प्रयास गरियो। साथै, उर्लाबारी नगरकार्यपालिकाका पदाधिकारीहरू, नगर शिक्षा समितिका पदाधिकारीहरू र कार्यालय प्रमुख एवम् सम्बन्धित शाखा प्रमुखहरूसँग परियोजना प्रस्तावमा उल्लेख गर्नुपर्ने विषयवस्तुको बारेमा विस्तृत छलफल गरी थप सुझाव प्राप्त गरिएको थियो, जसले सबै शैक्षिक सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरेको थियो।

चौथो चरणमा तथ्याङ्क व्यवस्थापन (Primary Data & Secondary Data) सङ्कलन, प्रशोधन तथा विश्लेषण मा संस्थाका विज्ञहरूले तयार पारेको विद्यालय शैक्षिक सूचना सङ्कलन फाराम प्रयोग गरी आवश्यक प्राथमिक



प्रमुख प्रशासकीय अधिकृत

तथ्याङ्क, सूचना वा विवरण सङ्कलन गरियो। प्राथमिक स्रोतहरूमा विद्यालय शैक्षिक सूचना सङ्कलन फाराम र अन्य सर्वेक्षणहरू (जानिफकार तथा लक्षित समूहसँग अन्तर्क्रिया, छलफल, सहभागितामूलक लेखाजोखा) थिए। द्वितीय स्रोतहरूका रूपमा केन्द्रीय तथ्याङ्क विभागका प्रतिवेदन, शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित IEMIS लगायतका शैक्षिक सूचनाहरू, उर्लाबारी नगरपालिकाको नगर पार्श्वचित्र २०७६, नगरविकास योजना आ.व.२०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट, शैक्षिक स्थिति प्रतिवेदन, विभिन्न आवधिक योजनाहरू र आधिकारिक प्रकाशनहरू प्रयोग गरिएका थिए। संकलित तथ्याङ्कलाई MS Excel सिटमा प्रशोधन गरी तथ्याङ्क शास्त्रीय विधिबाट विज्ञद्वारा विश्लेषण गरियो र प्राप्त सूचनाहरूलाई विषय सूचीअनुसार क्षेत्रगत, लैङ्गिक तथा सामाजिक आधारमा खण्डीकृत गरी उपयुक्त तालिका, सूचकाङ्क, रेखाचित्र, नक्शा वा अन्य उपयुक्त स्वरूपमा प्रस्तुत गरियो। विश्लेषणका क्रममा सम्भव भएसम्म सूचनालाई कम्तीमा दुई समयको अन्तरालमा वा केन्द्रीय विवरणसँग तुलना गरी प्रस्तुत गरिएको थियो।

पाचौं चरणमा परियोजना/कार्यक्रम प्रस्तावको मस्यौदा लेखन तथा तयारी कार्य सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना, २०८३-०८५ को ढाँचा, स्थलगत अनुगमन, सरोकारवालाहरूसँगको अन्तरक्रिया/छलफल र तथ्याङ्क सङ्कलन तथा विश्लेषण प्रक्रियाको अन्तिम परिणाममा आधारित थियो। यसमा विव्यस, शिअसं., प्रधानाध्यापक, पेशागत संघसंस्थाहरू, शिक्षक तथा कर्मचारीबाट प्राप्त सुझाव तथा प्रतिक्रियाहरू, विद्यालयहरूको निरीक्षण तथा अनुगमन समितिको प्रतिवेदन, र उर्लाबारी नगरपालिकाको नगर शिक्षा समिति, सामाजिक विकास समिति, कार्यपालिकासहितको प्राप्त सुझाव तथा प्रतिक्रियाहरूलाई नीतिगत आधारका रूपमा समावेश गरियो। तथ्याङ्क विश्लेषणबाट प्राप्त सूचनालाई क्षेत्रगत, लैङ्गिक तथा सामाजिक आधारमा खण्डीकृत गरी तार्किक सम्बन्धको आधारमा क्रमबद्ध तरिकाले प्रस्तुत गरियो र अधुरो, अस्पष्ट वा विरोधाभासपूर्ण विवरण देखिएमा सरोकारवालासँग पुनः छलफल गरी निक्यौल गरिएको थियो। परियोजनालाई बुझ्न र प्रयोग गर्न सजिलो हुने गरी उपयुक्त भाग, खण्ड र उपखण्डमा विभाजन गर्नुका साथै प्रयोग गरिएका औजारहरूलाई अनुसूचीमा र दस्तावेजहरूको विवरणलाई सन्दर्भ सामग्रीको सूचीमा राखिएको थियो।

छैठौं चरणः परियोजना र कार्यक्रमको मस्यौदा प्रस्तावमाथि छलफल र पृष्ठपोषण तथा आवश्यकता अनुसार परिमार्जन का लागि निर्धारित ढाँचामा पहिलो मस्यौदा तयार भएपश्चात् नगरपालिकामा कम्तीमा एक दिने कार्यशालाको आयोजना गरियो। नगर प्रमुखको अध्यक्षतामा भएको यस कार्यशालामा संलग्न संस्थाका विज्ञ टोलीमार्फत मस्यौदाका प्रमुख विषय तथा सूचना विवरण प्रस्तुत गरियो। कार्यशालामा प्रस्तुत भएका सूचना तथा विवरणहरूको शुद्धता र तथ्य यकिन गरी सुधारका लागि सुझाव सङ्कलन गर्ने, परियोजनारकार्यक्रमको मस्यौदाले समेट्न नसकेका विषय क्षेत्र वा परिमार्जन गर्नुपर्ने पक्षहरू समावेश गर्न सुझाव आदानप्रदान गर्ने, तथ्याङ्क सूचना तथा विवरणहरूको अन्तरसम्बन्ध र तुलनात्मक पक्षहरू यकिन गर्ने, र कार्यक्रम प्रकाशन पश्चात यसका विवरणहरू योजना तर्जुमा, विकास निर्माण, सेवा प्रवाह, कार्य सम्पादन र नतिजा अनुगमनमा उपयोग गर्ने प्रतिबद्धता जाहेर गर्ने कार्य गरिएका थिए। समूहगतरूपमा


प्रमुख प्रशासकीय अधिकृत

छलफलबाट प्राप्त सुझाव एवं मार्गदर्शनलाई पूर्ण रूपमा लिपिबद्ध गरी परियोजनारकार्यक्रमलाई अन्तिम रूप दिइएको थियो।

सातौं चरणः परियोजनारकार्यक्रमको अन्तिम प्रस्ताव तयारी मा कार्यशालाबाट प्राप्त भएका सुझावहरूलाई समेत समावेश गरी प्रस्तावलाई अन्तिम रूप दिई प्रकाशन गरिएको थियो। यस क्रममा मस्यौदा प्रतिवेदनमा परिमार्जन गर्नुपर्ने विषयहरू र कार्यशालाबाट प्रस्तुत सुझावहरू बारे सम्बन्धित सरोकारवालासँग आवश्यकतानुसार पुनःपरामर्श गरी परियोजनालाई पूर्णता दिइयो। साथै, परियोजनाको स्तरीयता र गुणस्तर सुनिश्चितताका लागि विज्ञहरूका सुझावहरूलाई समेत ध्यान दिई समावेश गरिएको थियो।

आठौं चरणः परियोजनारकार्यक्रमको प्रवोधीकरण तथा हस्तान्तरण का लागि अन्तिम प्रस्ताव तयार भइसकेपछि नगर शिक्षा समितिका पदाधिकारीहरूलाई परियोजना प्रस्तावभित्रका मुख्य मुख्य अङ्गहरूको जानकारी गराइएको थियो। परियोजनारप्रस्तावको अन्तिम प्रस्तावको विद्युतीयप्रति तयार भई सकेपछि सो प्रतिवेदनलाई नगरपालिकामा सार्वजनिक गरी आवश्यकता अनुसार छाँयाप्रति, विद्युतीय वा छापा माध्यमबाट प्रकाशन गर्ने व्यवस्था मिलाइएको थियो।

## समस्याको पहिचान

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरे तापनि, उर्लाबारी नगरपालिकाभित्र गुणस्तरीय शिक्षाको पूर्ण प्रत्याभूति गर्न पाँच मुख्य आयामहरूमा गम्भीर समस्या र चुनौतीहरू विद्यमान छन्। यी चुनौतीहरूको वस्तुनिष्ठ पहिचान नै आगामी परियोजनाको प्रभावकारी कार्यान्वयनको आधार हो।

### १. शैक्षिक पहुँच, स्थायित्व र समताका चुनौतीहरूः

नगरपालिकाभित्र गरिब, सीमान्तकृत, अपाङ्गता भएका बालबालिका र दलित समुदायका लक्षित समूहहरूको विद्यालयमा भर्ना दर सन्तोषजनक भए तापनि उनीहरूको निरन्तरता र उच्च शिक्षामा पहुँचमा ठूलो असमानता देखिएको छ। विशेषगरी, आधारभूत तह पार गरेपछि माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थीहरूले विद्यालय छाड्ने दर अझै उच्च छ, जसका लागि गरीबी, बालश्रम र सामाजिक-सांस्कृतिक कारणहरू जिम्मेवार छन्। यसका साथै, विभिन्न कारणले विद्यार्थीहरू एक विद्यालयबाट अर्को पालिकामा स्थानान्तरण हुने दरले शैक्षिक निरन्तरतामा असर पारेको छ भने बालमैत्री कक्षाकोठा, उपयुक्त शौचालयको अभाव र विभेदकारी व्यवहारका कारण सीमान्तकृत बालबालिकाका लागि विद्यालय वातावरण सहज हुन सकेको छैन।

### २. शिक्षण सिकाइको गुणस्तर र सिकाई उपलब्धिमा कमीः

भौतिक पूर्वाधारमा गरिएको लगानी र शिक्षक संख्याको वृद्धिले मात्र शिक्षाको गुणस्तरमा सुधार नआएको तथ्य विद्यार्थीको कमजोर सिकाई उपलब्धिले पुष्टि गर्दछ। नगरका अधिकांश विद्यालयमा कक्षागत र

विषयगत रूपमा (विशेषगरी गणित, विज्ञान र अङ्ग्रेजीमा) विद्यार्थीको नतिजा राष्ट्रिय औसतभन्दा कम छ। यसको प्रमुख कारण शिक्षकहरूले अझै पनि बालमैत्री, रचनात्मक र क्रियाकलापमा आधारित शिक्षण सिकाइ विधि प्रयोग नगरी परम्परागत व्याख्यान विधिमा निर्भर रहनु हो। यसका अतिरिक्त, स्थानीय आवश्यकता, संस्कृति र जीवनोपयोगी सीपहरू समावेश भएको पाठ्यक्रमको विकास र कार्यान्वयन हुन नसक्नुका साथै, मूल्याङ्कन प्रणाली केवल परीक्षामा केन्द्रित हुँदा विद्यार्थीको वास्तविक सिकाई स्तर मापनमा समस्या आएको छ।

### ३. शिक्षक तथा कर्मचारीको क्षमता विकास र व्यवस्थापनमा समस्याः

शिक्षाको गुणस्तर शिक्षकको क्षमतामा निर्भर रहने भए तापनि, शिक्षकहरू आफ्नो विषयगत क्षेत्रमा पर्याप्त तालीम र क्षमता विकासको अवसरबाट वञ्चित रहेका छन्, जसले गर्दा नयाँ पाठ्यक्रम र शिक्षण प्रविधिको प्रयोग गर्न सक्ने क्षमतामा कमी आएको छ। साथै, समयमा वृत्तिविकासको अवसर र कार्यसम्पादनमा आधारित प्रोत्साहनको अभावले शिक्षक तथा कर्मचारीको उत्प्रेरणामा ह्रास आएको छ। विद्यालयहरूमा विद्यार्थी संख्या र विषयगत आवश्यकताका आधारमा शिक्षकको दरबन्दी मिलान कार्य अझै वैज्ञानिक र प्रभावकारी हुन सकेको छैन भने विद्यालय प्रधानाध्यापक र व्यवस्थापन समितिमा शैक्षिक नेतृत्व तथा व्यवस्थापकीय क्षमता विकासको आवश्यकता रहेको छ।

### ४. भौतिक पूर्वाधार र सूचना तथा सञ्चार प्रविधि (ICT) को अभावः

गुणस्तरीय शिक्षण सिकाइका लागि आवश्यक बालमैत्री कक्षाकोठा, पर्याप्त फर्निचर, पुस्तकालय, विज्ञान प्रयोगशाला, शुद्ध खानेपानी र विशेषगरी छात्राहरूका लागि उपयुक्त शौचालयजस्ता भौतिक पूर्वाधारको अभाव धेरै विद्यालयहरूमा विद्यमान छ। यद्यपि विद्यालयहरूमा इन्टरनेट, कम्प्युटर र प्रोजेक्टरजस्ता उपकरणको व्यवस्था भए तापनि शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग अत्यन्त न्यून छ, जसको कारण प्रभावकारी प्रयोग गर्ने शिक्षकको क्षमता अपर्याप्त हुनु हो। कक्षाकोठामा उपयुक्त सन्दर्भ सामग्री, शैक्षिक खेलौना र सिकाइ सामग्रीहरूको उपलब्धता कम हुँदा शिक्षण सिकाइ नीरस र सैद्धान्तिक मात्र हुने गरेको छ।

### ५. शैक्षिक सुशासन र सरोकारवालाको भूमिकामा अस्पष्टताः

स्थानीय सरकारको एकल अधिकार सूचीमा रहेको शिक्षा क्षेत्रमा प्रभावकारी सुशासन कायम हुन सकेको छैन। नगरपालिका शिक्षा शाखाबाट विद्यालयहरूको नियमित निरीक्षण, अनुगमन र मूल्याङ्कन प्रभावकारी नहुँदा प्राप्त नतिजाको आधारमा सुधारात्मक कार्ययोजना लागु गर्ने परिपाटी कमजोर छ। विद्यालय व्यवस्थापन समिति र अभिभावक सङ्घको भूमिका केवल औपचारिकतामा सीमित हुनु र विद्यालयको शैक्षिक तथा वित्तीय सुशासन कायम गर्नमा सक्रिय सहभागिता र जवाफदेहिताको कमी देखिनु अर्को प्रमुख चुनौती हो। स्थानीयस्तरमा शिक्षाको गुणस्तर सुधारका लागि सरकारी श्रोतका अतिरिक्त गैर-सरकारी संस्था, निजी क्षेत्र र सामुदायिक श्रोतको परिचालन प्रभावकारी हुन सकेको छैन भने शिक्षासम्बन्धी तथ्याङ्क सङ्कलन, भण्डारण र विश्लेषणको एकीकृत प्रणाली व्यवस्थित नहुँदा निर्णय निर्माण प्रक्रिया तथ्यमा आधारित हुन सकेको छैन।

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

## विद्यालयको भौतिक पूर्वाधारको विवरण:

उर्लाबारी नगरपालिकाको अनुगमन टोलीद्वारा स्थलगत अनुगमन गरी तयार गरिएको प्रतिवेदन अनुसार यस नगरपालिका भित्र संचालित सामुदायिक तथा धार्मिक विद्यालयहरूको वर्तमान भौतिक पूर्वाधारको अवस्थाका देहाय बमोजिम रहेको छ:

| क्र.सं | विद्यालयको नाम | भौतिक अवस्था (मौजुदा र आवश्यक समेत) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भवन | कक्षाकोठा मर्मत गर्नुपर्ने | कक्षा कोठा पर्याप्तता र थप गर्नुपर्ने संख्या | शौचालय को पर्याप्तता र थप गर्नुपर्ने कोठा संख्या | खानेपानी (व्यवस्थित /आवश्यक ) | घेराबारा/ भएको र आवश्यक | स्मार्ट बोर्ड/भए को र आवश्यक | पुस्तकालय (मौजुदा/ आवश्यक ) | स्कुल भेन | गणित प्रयोगशाला |
| १ | श्री शारदा मा.वि. | ६ | २ | २ | पर्याप्त | व्यवस्थित | १ | भएको | भएको | १ | नभएको |
| २ | श्री नुनसरी आ.वि. | ३ | पर्याप्त | | पर्याप्त | व्यवस्थित | भएको | भएको | भएको | नभएको | नभएको |
| ३ | श्री लक्ष्मी मा.वि.-१ | ५ | पर्याप्त | २ | पर्याप्त | व्यवस्थित | भएको | १ | १ | १ | नभएको |
| ४ | श्री बालज्योती आ.वि. | ३ | पर्याप्त | | पर्याप्त | १ | भएको | नभएको | भएको | नभएको | नभएको |
| ५ | श्री सुनझोडा मा.वि. | ४ | पर्याप्त | २ | २ | १ | भएको | नभएको | भएको | १ | नभएको |
| ६ | श्री सुनपकुवा मा.वि. | ५ | पर्याप्त | | २ | १ | भएको | १ | १ | १ | नभएको |
| ७ | श्री सरस्वती आ.वि. | ३ | २ | पर्याप्त | पर्याप्त | | भएको | भएको | भएको | नभएको | नभएको |
| ८ | श्री शान्ती आ.वि. | ३ | पर्याप्त | पर्याप्त | पर्याप्त | १ | भएको | भएको | नभएको | नभएको | नभएको |
| ९ | श्री दुर्गा मा.वि. उर्लाबारी | ५ | पर्याप्त | पर्याप्त | पर्याप्त | व्यवस्थित | भएको | भएको | भएको | नभएको | १ |
| १० | श्री भानु आ.वि. | ३ | पर्याप्त | पर्याप्त | पर्याप्त | व्यवस्थित | भएको | | भएको | नभएको | नभएको |
| ११ | श्री सृजना आ.वि. | ३ | पर्याप्त | पर्याप्त | पर्याप्त | व्यवस्थित | भएको | भएको | भएको | नभएको | नभएको |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | श्री राधिका मा.वि.-६ | ८ | पर्याप्त | २ | पर्याप्त | व्यवस्थित | भएको | भएको | भएको | भएको | नभएको |
| १३ | श्री राधिका मा.वि.-७ | ५ | २ | पर्याप्त | पर्याप्त | व्यवस्थित | भएको | नभएको | १ | नभएको | नभएको |
| १४ | श्री लक्ष्मी मा.वि.-८ | ४ | २ | पर्याप्त | पर्याप्त | व्यवस्थित | भएको | भएको | १ | नभएको | नभएको |
| १५ | श्री अरनिको मा.वि.-८ | ६ | पर्याप्त | पर्याप्त | पर्याप्त | व्यवस्थित | १ | भएको | भएको | नभएको | १ |
| १६ | श्री बहादुरबाबा चौधरी आ.वि. | ३ | पर्याप्त | पर्याप्त | पर्याप्त | व्यवस्थित | भएको | नभएको | भएको | नभएको | नभएको |
| १७ | श्री शान्ती क्षेत्र आ.वि. | ४ | पर्याप्त | पर्याप्त | पर्याप्त | व्यवस्थित | भएको | नभएको | भएको | १ | नभएको |
| १८ | श्री सार्वजनिक मा.वि. | ५ | पर्याप्त | २ | पर्याप्त | व्यवस्थित | भएको | भएको | भएको | नभएको | नभएको |
| १९ | श्री महाराज आ.वि. | ४ | २ | पर्याप्त | पर्याप्त | १ | भएको | भएको | नभएको | नभएको | नभएको |
| २० | श्री प्रभात आ.वि. | ३ | पर्याप्त | पर्याप्त | पर्याप्त | व्यवस्थित | भएको | नभएको | नभएको | नभएको | नभएको |
| २१ | श्री राजघाट आ.वि. | ४ | पर्याप्त | पर्याप्त | पर्याप्त | व्यवस्थित | भएको | भएको | भएको | नभएको | नभएको |
| २२ | श्री वेदव्यास वैदिक सनातन गुरुकुलम | २ | पर्याप्त | पर्याप्त | पर्याप्त | व्यवस्थित | नभएको | नभएको | नभएको | नभएको | नभएको |
| २३ | श्री बौद्ध गुम्बा | १ | पर्याप्त | पर्याप्त | पर्याप्त | व्यवस्थित | भएको | नभएको | नभएको | नभएको | नभएको |
| २४ | श्री नवनाथ सिद्ध गुरु गोरक्षनाथ | १ | पर्याप्त | पर्याप्त | पर्याप्त | व्यवस्थित | भएको | भएको | नभएको | नभएको | नभएको |
| २५ | श्री तजबिदुल मदरसा | ३ | पर्याप्त | पर्याप्त | पर्याप्त | व्यवस्थित | भएको | नभएको | नभएको | नभएको | नभएको |
| जम्मा | | ९६ | १० | १० | ४ | ५ | २ | २ | ४ | ५ | २ |

सामुदायिक विद्यालयको जग्गाको विवरण विद्यालयगत रुपमा देहाय अनुसार रहेको छः

| विद्यालयको नाम र ठेगाना | कि.नं | क्षेत्रफल | विद्यालयको नाममा दर्ता कायम भए/नभएको | जग्गाको प्रयोगको अवस्था |
|---|---|---|---|---|
| राधिका मा.वि. उर्लाबारी ७ | १०४ मधु ५/६ | १-२-९ | भएको | प्रयोगमा आएको |
| लक्ष्मी मा.वि. उर्लाबारी ८ | ५४४ | ०-२-० | भएको | प्रयोगमा रहेको खेती |
| | २८५ | ०-३-२ | भएको | प्रयोगमा रहेको खेती |
| | ३७० | ०-०-१० | भएको | प्रयोगमा रहेको खेती |
| | ३७१ | ०-०-१० | भएको | प्रयोगमा रहेको खेती |
| | १५४० | ०-०-६-२ | भएको | प्रयोगमा रहेको खेती |
| सुनझोडा मा.वि. उर्लाबारी २ | ८ क/४६१ | ०-३-० | भएको | भवन |
| | ८क/६९३ | ०-०-८.५-० | भएको | भवन |
| | ८क/९१० | ०-०-१०-० | भएको | भवन |
| | ... | ४-१०-०-० | नभएको | विद्यालयको प्रयोगात्मक भवन/विद्यालय आफैंले खती |
| | ... | १-०-०-० | नभएको | खेल मैदान |
| सार्वजनिक मा.वि. उर्लाबारी ९ | ८घ/४३९ | ०-१०-० | भएको | भवन बनेको |
| | ८घ/८७ | ०-४-१० | दर्ता हुन बाँकि | भवन बनेको |
| | ३८१ | १५५२० वर्गमिटर | भएको | हाल मावा खोला रहेको छ । |
| | ३८३ | ४५०० वर्गमिटर | भएको | हाल मावा खोला रहेको छ । |
| दुर्गा मा.वि. उर्लाबारी ३ | २४५ | ०-१९-१७ | भएको | भवन रहेको |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| शारदा मा.वि. उर्लाबारी १ | ४० (सा.कि.नं ५५५६) | ०१/१४/१९७० | भएको | विद्यालय भवन तथा खेलमैदान |
| सुनपकुवा मा.वि. उर्लाबारी २ | ३७९ | १-२-१० | भएको | खेलमैदान |
| | एलानी | १-३-० | नभएको | विद्यालय रहेको |
| | एलानी | १० धुर | नभएको | विद्यालय रहेको |
| अरनिको मा.वि. उर्लाबारी ८ | ४४/१४१ | ०-८-० | भएको | प्रयोगमा रहेको खेती |
| | ३/११ | ४-१८-८ | भएको | भवन/विद्यालय |
| | ५५ | २-१५-५-१-२ | भएको | प्रयोगमा रहेको खेती |
| राधिका मा.वि. उर्लाबारी ६ | | | | |
| | ४८ | १-१०-५ | नभएको | प्रयोग भएको |
| | ४९ | ०-३-१० | नभएको | प्रयोग भएको |
| | ५६ | १-११-६ | भएको | प्रयोग भएको |
| | ९० | २-५-१० | नभएको | प्रयोग भएको |
| | ११४ | १-६-१५ | भएको | प्रयोग भएको |
| | १२२ | ५-१९-३.५ | भएको | प्रयोग भएको |
| | १२३ | ०-१३-० | भएको | प्रयोग भएको |
| नुनसरी आ.वि. उर्लाबारी १ | ... | ५ कठ्ठा | नभएको | विद्यालय रहेको |
| | ... | १ कठ्ठा २ धुर | नभएको | विद्यालय रहेको |
| | ... | ३ धुर | नभएको | विद्यालय रहेको |
| | २८९ | ५ रोपनी | भएको | प्रयोगमा नभएको |
| सरस्वती आ.वि. उर्लाबारी २ | ३५६ | २ कठ्ठा | भएको | प्रयोगमा रहेको |
| | ४४७ | २ कठ्ठा | भएको | प्रयोगमा रहेको |
| | ५५६ | ११ धुर | भएको | प्रयोगमा रहेको |
| | ५५८ | ९ धुर | भएको | प्रयोगमा रहेको |
| | ८३८ | १ कठ्ठा | भएको | प्रयोगमा रहेको |
| | ९२९ | १ कठ्ठा ५ धुर | भएको | प्रयोगमा रहेको |
| | ५५७ | ९ धुर | भएको | प्रयोगमा रहेको |
| | ५६७ | १ कठ्ठा ६ धुर | भएको | प्रयोगमा रहेको |
| | ५६६ | १ कठ्ठा | भएको | प्रयोगमा रहेको |
| महाराज आ.वि. उर्लाबारी ९ | ४ ज/४३ | ०१/१६/२००५ | भएको | खेती |

| | | | | |
|---|---|---|---|---|
| | ४ ज/४७ | ०२/०२/२०१० | भएको | खेती |
| | ४ ज/४८ | ०-०४-१० | भएको | खेती |
| | ५ ड/१६४ | ००-०२-२ | भएको | भवन |
| | ५ ड/ १६६ | ००-०२-१८ | भएको | भवन |
| | ५ ड/२२४ | ००-००-२.५ | भएको | भवन |
| | ५ ड/४० | ००-१२-१० | नभएको | खेल मैदान |
| | ५ ड/४१ | ००-०७-०० | नभएको | खेल मैदान |
| | ५ ड/४२ | ००-१०-०० | नभएको | खेल मैदान |
| लक्ष्मी आ.वि. उर्लाबारी १ | ८क ३२२ | ०-२-० | भएको | छ |
| | ८ क ३९९ | ०-१-१० | भएको | छ |
| | ८ क ४२७ | ०-०-१० | भएको | छ |
| | ८ क ४३० | ०-०-१० | भएको | छ |
| | ८ क ४३२ | ०-०-१० | भएको | छ |
| | ८ क ४२६ | ०-२-० | भएको | छ |
| | ८ क ४३६ | ०-१-० | भएको | छ |
| | ८ क ३५० | ०-०-१० | भएको | छ |
| | ८ क ९०८ | ०-७-१ | भएको | छ |
| | ८ क ४२३ | ०-०-४ | भएको | छ |
| | ८ क १३४ | ०-१८-१३ | भएको | छैन |
| | ८ क १४२ | ०-८-१४ | भएको | छैन |
| | ८ क १८३ | ३-१५-५ | भएको | छैन |



प्रमुख प्रशासकीय अधिकृ

| | | | | |
|---|---|---|---|---|
| भानु आ.वि. उर्लाबारी ४ | ... | १९ | नभएको | विद्यालयको भवन रहेको |
| बहादुरबाबा चौधरी आ.वि. उर्लाबारी ८ | ८८/२२८ | १० कठ्ठा | नभएको | आधा प्रयोगमा र आधा मन्दिर |
| शान्ती आ.वि. उर्लाबारी २ | २४७ | ०-७-९ | भएको | प्रयोगमा भएको |
| सृजना आ.वि. उर्लाबारी ४ | ११०२ | ०-३-० | भएको | विद्यालय भवन र प्राङ्गड |
| | ११३० | ०-०-१०.५ | भएको | विद्यालय भवन र प्राङ्गड |
| | ३५४३ | ०-०-२.५ | भएको | विद्यालय भवन र प्राङ्गड |
| प्रभात आ.वि. उर्लाबारी ९ | १०५ र १०९ | ३-१८-०० | नभएको(प्रक्रियामा रहेको) | विद्यालय भवन खेलमैदान |
| बालज्योती आ.वि. उर्लाबारी १ | ३८१ | ०-१-१० | भएको | विद्यालय |
| | १८० | ०-१८-८ | नभएको | खेती रहेको |
| राजघाट आ.वि. उर्लाबारी ९ | २३० | १ कठ्ठा ९ धुर | भएको | प्रयोगमा भएको |
| | ... | ५ कठ्ठा | नभएको | प्रयोगमा भएको |
| शान्ती क्षेत्र आ.वि. उर्लाबारी ८ | १४७ | ०-२-० | भएको | प्रयोगमा भएको |
| | १८२ | ०-२-३ | भएको | प्रयोगमा भएको |
| नमुना शिक्षा सदन उर्लाबारी ७ | ५ ट/११ | १७ कठ्ठा ५ धुर | नभएको | प्रयोगमा भएको |

# परिच्छेद ४ रणनीतिक ढाँचा

## सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता निर्धारण

यो खण्ड नेपालको संविधानले सुनिश्चित गरेको मौलिक हकको रूपमा रहेको शिक्षाको अधिकारलाई उर्लाबारी नगरपालिकामा व्यवहारमा उतार्नका लागि "उर्लाबारी गुणस्तरीय शिक्षा सुधार परियोजना (२०८३/०८४-२०८४/०८५)" को समग्र दिशा, गन्तव्य र कार्ययोजना स्पष्ट गर्न तर्जुमा गरिएको हो। परियोजनाको सैद्धान्तिक आधार, विद्यमान समस्याको पहिचान र संवैधानिक मर्मलाई आत्मसात् गर्दै निम्नअनुसार सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता निर्धारण गरिएको छ।

### १. सोच

उर्लाबारी नगरपालिकाको दीर्घकालीन शैक्षिक गन्तव्यलाई प्रतिनिधित्व गर्ने सोचले शिक्षा क्षेत्रमा हासिल गर्न खोजिएको अन्तिम अवस्थालाई चित्रण गर्दछ।

**"संवैधानिक मर्मअनुसार समतामूलक पहुँच, जीवनोपयोगी सीप र उच्च सिकाई उपलब्धिबाट सुसज्जित, बालमैत्री वातावरण भएको गुणस्तरीय शिक्षाको केन्द्रका रूपमा उर्लाबारी नगरपालिका।"**

### २. लक्ष्य

यो परियोजनाको मूल लक्ष्य नेपालको संविधानले निर्दिष्ट गरेको आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्दै शैक्षिक गुणस्तरमा उल्लेख्य सुधार ल्याउनु हो। यो लक्ष्य परियोजनाको अवधिभर (आर्थिक वर्ष २०८३/०८४ देखि २०८४/०८५) प्राप्त गर्नुपर्ने नतिजामा केन्द्रित छ।

**"परियोजना अवधि (२०८३/०८४-२०८४/०८५) भित्र उर्लाबारी नगरपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयहरूको शैक्षिक सुशासनमा सुधार गर्दै, आधारभूत तथा माध्यमिक तहको सिकाई उपलब्धिमा कम्तीमा २० प्रतिशतले वृद्धि गर्ने र शैक्षिक पहुँच तथा स्थायित्व (भर्ना दर र टिकाउ दर) लाई ९५ प्रतिशतभन्दा माथि पुऱ्याउने।"**

### ३. उद्देश्यहरू

परियोजनाको लक्ष्य हासिल गर्नका लागि निम्न लिखित विशिष्ट उद्देश्यहरू निर्धारण गरिएको छ। यी उद्देश्यहरू परियोजना तर्जुमाको उद्देश्य (परिच्छेद - १, दफा २) सँग तादाम्य राख्दै समस्याको पहिचानबाट प्राप्त आयामहरूलाई सम्बोधन गर्न केन्द्रित छन्।

| क्र.स. | उद्देश्य | व्याख्या |
|---|---|---|
| १. | **गुणस्तरीय शिक्षाको मार्गचित्र तयार गर्नु** | नगरभित्रको शिक्षा क्षेत्रको वर्तमान अवस्था, चुनौती र सम्भाव्यताको वस्तुनिष्ठ विश्लेषण गरी आगामी दश वर्षका लागि स्पष्ट शैक्षिक नीति, मापदण्ड र कार्ययोजनासहितको एकीकृत शैक्षिक मार्गचित्र |

| | | |
|---|---|---|
| | | तयार पार्नु। |
| २. | **गुणस्तरीय शिक्षाको अवरोधका क्षेत्र पहिचान गर्नु र सम्बोधन गर्नु** | शैक्षिक पहुँचको असमानता, उच्च ड्रपआउट दर, र बालमैत्री वातावरणको अभाव जस्ता विद्यमान समस्याको जड पहिचान गरी लक्षित वर्ग (गरिब, सीमान्तकृत, अपाङ्गता भएका बालबालिका) को शिक्षामा पहुँच र निरन्तरता सुनिश्चित गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्नु। |
| ३. | **गुणस्तरीय शिक्षाको सुधारको आयाम तथा प्राथमिकताका क्षेत्र निर्धारण गर्नु** | शिक्षण सिकाइको गुणस्तर, शिक्षक क्षमता विकास, भौतिक पूर्वाधार, शैक्षिक सुशासन र ICT को प्रयोगलाई गुणस्तर सुधारको मुख्य आयामका रूपमा स्थापित गरी लगानी र कार्ययोजनाको प्राथमिकता स्पष्ट पार्नु। |
| ४. | **प्राथमिकताका आधारमा रणनीति तथा कार्यक्रम तर्जुमा गर्नु** | नगर शिक्षाको आवश्यकता र श्रोतको उपलब्धताका आधारमा तत्काल, मध्यम र दीर्घकालीन प्राथमिकताका क्षेत्रहरूलाई किटान गरी कार्यान्वयनमुखी, समयबद्ध र नतिजामुखी रणनीति तथा कार्यक्रमहरू विकास गर्नु। |
| ५. | **गुणस्तरीय शिक्षाका लागि सरोकारवालाको स्पष्ट भूमिका निर्धारण गर्नु** | संघ, प्रदेश र स्थानीय तह, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अभिभावक, निजी क्षेत्र र नागरिक समाजसहित सबै सरोकारवालाहरूको शिक्षा सुधारमा सहभागिता र जवाफदेहिता सुनिश्चित गर्न स्पष्ट कार्यविभाजन र मापदण्ड तयार गर्नु। |
| ६. | **बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्नु** | बालबालिकाको शिक्षाको हकलाई केन्द्रबिन्दुमा राख्दै, विद्यालयहरूको वातावरणलाई बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक नीतिगत, संरचनागत र व्यवहारगत सुधार गर्नु। |
| ७. | **सिकाई उपलब्धिमा सुधार ल्याउनु** | विद्यार्थीको विषयगत सिकाई उपलब्धि (विशेषगरी गणित, विज्ञान र अङ्ग्रेजी) लाई राष्ट्रिय औसतभन्दा माथि पुऱ्याउन शिक्षकलाई नयाँ शिक्षण विधिमा तालीम दिने र स्थानीय पाठ्यक्रम/पाठ्यसामग्रीको विकास गरी कार्यान्वयनमा ल्याउनु। |

## ४. रणनीति र कार्यनीति

परियोजनाका उद्देश्यहरू प्राप्त गर्नका लागि निम्न लिखित ८ वटा मुख्य रणनीतिक आयामहरू निर्धारण गरी तिनलाई कार्यान्वयन गर्न आवश्यक कार्यनीतिहरू तय गरिएको छ।



प्रमुख प्रशासकीय अधिकृत

### ४.१. पुर्वाधार विकास

| रणनीति | कार्यनीतिः |
|---|---|
| **रणनीतिः** सबै सामुदायिक विद्यालयमा बालमैत्री, समावेशी, सुरक्षित र प्रविधिमैत्री भौतिक तथा शैक्षिक पूर्वाधारको विकास गरी उपयुक्त शिक्षण सिकाइ वातावरण सिर्जना गर्ने। | • बालमैत्री र समावेशी कक्षाकोठा निर्माण मापदण्ड लागु गर्ने। |
| | • छात्रामैत्री, उपयुक्त सरसफाइ र सुरक्षित पिउने पानीको व्यवस्थापन गर्ने। |
| | • आवश्यकताका आधारमा विज्ञान प्रयोगशाला र सुविधायुक्त पुस्तकालय स्थापना/स्तरोन्नति गर्ने। |
| | • विद्यालयको आवश्यकताअनुसार फर्निचर, शैक्षिक उपकरण तथा सामग्रीहरूको प्रबन्ध गर्ने। |
| | • नियमित मर्मत सम्भारका लागि विद्यालयहरूलाई श्रोत उपलब्ध गराउने। |

### ४.२. बालबालिकाको पहुँच र स्थायित्व

| रणनीति | कार्यनीतिः |
|---|---|
| **रणनीतिः** विद्यालयबाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने, शैक्षिक स्थायित्व बढाउने र सबै प्रकारका लक्षित समूहको समतामूलक पहुँच सुनिश्चित गर्ने। | • विद्यालय उमेर समूहका सबै बालबालिकाको तथ्याङ्क अद्यावधिक गरी शून्य भर्ना दर सुनिश्चित गर्ने। |
| | • ड्रपआउट दर उच्च भएका विद्यालय र समुदायमा केन्द्रित भर्ना अभियान र 'टिकाउ कार्यक्रम' सञ्चालन गर्ने। |
| | • लक्षित वर्ग (गरिब, अपाङ्गता भएका, दलित) का बालबालिकालाई विशेष छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम लागु गर्ने। |
| | • शैक्षिक स्थानान्तरणको समस्या समाधान गर्न अभिभावक सचेतना र सामाजिक परिचालन गर्ने। |
| | • विद्यालयमा सुरक्षित सिकाइ वातावरण र विभेदमुक्त व्यवहार सुनिश्चित गर्न आचारसंहिता लागु गर्ने। |

### ४.३. शिक्षाका कर्मचारीको क्षमता विकास

| रणनीति | कार्यनीतिः |
|---|---|
| **रणनीतिः** शिक्षक, प्रधानाध्यापक र | |

| | |
|---|---|
| शैक्षिक व्यवस्थापनमा संलग्न कर्मचारीहरूको विषयगत ज्ञान, शिक्षण कौशल र व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गरी शिक्षण सिकाइको गुणस्तर सुधार्ने। | • शिक्षकहरूको आवश्यकतामा आधारित विषयगत तालीम सञ्चालन गर्ने। |
| | • शिक्षण विधिमा नवीनता ल्याउन बालमैत्री, गतिविधिमा आधारित र प्रविधिमैत्री शिक्षण तालीम अनिवार्य गर्ने। |
| | • प्रधानाध्यापक र व्यवस्थापन समितिका सदस्यहरूका लागि शैक्षिक नेतृत्व विकास र सुशासनसम्बन्धी तालीम सञ्चालन गर्ने। |
| | • शैक्षिक कर्मचारीहरूलाई अनुगमन, मूल्याङ्कन र शैक्षिक योजना तर्जुमासम्बन्धी तालीम प्रदान गर्ने। |
| | • तालीमको प्रभावकारिता मापन गरी त्यसलाई कार्यसम्पादन मूल्याङ्कनसँग जोड्ने। |

## ४.४. बालबालिकाको प्रतिभा प्रस्फुटन र जिवनोपयोगी सीप विकास

| **रणनीति** | **कार्यनीतिः** |
|---|---|
| **रणनीतिः** औपचारिक शिक्षाका साथै अतिरिक्त क्रियाकलाप र स्थानीय पाठ्यक्रममार्फत बालबालिकाको प्रतिभा प्रस्फुटन गर्ने र उनीहरूलाई समयसापेक्ष, जीवनोपयोगी तथा प्राविधिक सीपहरूले सुसज्जित गर्ने। | • प्रत्येक विद्यालयमा खेलकुद, कला, सङ्गीत र अन्य सिर्जनात्मक अतिरिक्त क्रियाकलापलाई अनिवार्य र नियमित गर्ने। |
| | • कक्षा ६ देखि १२ सम्मका विद्यार्थीहरूका लागि आधारभूत कम्प्युटर सीप, वित्तीय साक्षरता वा अन्य प्राविधिक/जीवनोपयोगी सीपहरू समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण र लागु गर्ने। |
| | • विद्यार्थीहरूको प्रतिभा पहिचान र विकासका लागि नगरस्तरीय प्रतिस्पर्धा, प्रदर्शनी र प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गर्ने। |
| | • 'पठन संस्कृति' विकास गर्न विद्यालयहरूमा पर्याप्त पाठ्यसामग्री र बाल साहित्यको व्यवस्था गर्ने। |

## ४.५. शैक्षिक सुशासन

| **रणनीति** | **कार्यनीतिः** |
|---|---|
| **रणनीतिः** शिक्षा क्षेत्रको व्यवस्थापन र सञ्चालनमा पारदर्शिता, जवाफदेहिता र सहभागिता सुनिश्चित गरी शैक्षिक सुशासनको अवस्था सुदृढ गर्ने। | • विद्यालयहरूको नियमित निरीक्षण, अनुगमन र मूल्याङ्कनका लागि प्रभावकारी मापदण्ड र कार्यविधि तयार गरी लागु गर्ने। |
| | • 'नतिजामा आधारित प्रोत्साहन' प्रणाली लागु गरी उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय, शिक्षक र कर्मचारीलाई पुरस्कृत |

| | |
|---|---|
| | गर्ने। |
| | • शिक्षक दरबन्दी मिलान कार्यलाई वैज्ञानिक, पारदर्शी र आवश्यकतामा आधारित बनाउने। |
| | • शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली (EMIS) लाई प्रभावकारी रूपमा प्रयोग गरी तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई प्रोत्साहन गर्ने। |
| | • विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको क्षमता अभिवृद्धि गरी उनीहरूको भूमिकालाई शैक्षिक र वित्तीय सुशासन कायम गर्नमा सक्रिय बनाउने। |

## ४.६. शिक्षण सिकाईमा ICT को प्रयोग

| रणनीति | कार्यनीतिः |
|---|---|
| **रणनीतिः** शिक्षण सिकाइ प्रक्रियालाई आधुनिक, आकर्षक र प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधि (ICT) को पहुँच विस्तार गर्ने र यसको अधिकतम प्रयोग सुनिश्चित गर्ने। | • विद्यालयहरूमा इन्टरनेट, कम्प्युटर र प्रोजेक्टर/स्मार्टबोर्ड लगायतका आवश्यक ICT पूर्वाधारको व्यवस्थापन र मर्मत सुनिश्चित गर्ने। |
| | • शिक्षकहरूलाई ICT मैत्री शिक्षण सामग्री तयार गर्ने र कक्षाकोठामा प्रविधि प्रयोग गर्ने सीपसम्बन्धी विशेष तालीम प्रदान गर्ने। |
| | • शैक्षिक सफ्टवेयर, डिजिटल पाठ्यसामग्री र ई-लाइब्रेरीको विकास तथा प्रयोगलाई प्रोत्साहन गर्ने। |
| | • विद्यार्थीहरूलाई आधारभूत डिजिटल साक्षरता र साइबर सुरक्षासम्बन्धी ज्ञान प्रदान गर्ने। |

## ४.७. सरोकारवालाको भुमिका विकास

| रणनीति | कार्यनीतिः |
|---|---|
| **रणनीतिः** शिक्षा सुधारमा अभिभावक, समुदाय, निजी क्षेत्र र गैरसरकारी संघसंस्थाको सहभागिता, सहयोग र जवाफदेहिता सुनिश्चित गरी शिक्षामा बहु-सरोकारवाला साझेदारीको संस्कृति विकास गर्ने। | • शिक्षा सुधारका लागि अभिभावक शिक्षा र सचेतना कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्ने। |
| | • स्थानीय श्रोत परिचालनका लागि निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरूसँग शैक्षिक साझेदारी (PPP Model) मा काम गर्ने। |
| | • शिक्षा परिषद् वा सल्लाहकार समूह गठन गरी सरोकारवालाहरूको नियमित परामर्श र सुझाव लिने संयन्त्र विकास गर्ने। |
| | • विद्यालयको कार्यसम्पादनको मूल्याङ्कन नतिजा समुदायमा |

| | |
|---|---|
| | सार्वजनिक शिक्षाको जवाफदेहिता बढाउने। |

### ४.८. आपतकालिन शिक्षा

| रणनीति | कार्यनीतिः |
|---|---|
| **रणनीतिः** प्राकृतिक प्रकोप, महामारी वा अन्य आपतकालीन अवस्थामा बालबालिकाको शैक्षिक निरन्तरता सुनिश्चित गर्न सुरक्षित र प्रभावकारी वैकल्पिक शिक्षण सिकाइ प्रणालीको विकास र तयारी गर्ने। | • विद्यालयस्तरीय विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा गरी कार्यान्वयन गर्ने। |
| | • शिक्षक र विद्यार्थीलाई आपतकालीन अवस्थामा प्रयोग हुने वैकल्पिक शिक्षण विधि र मानसिक-सामाजिक सहयोगसम्बन्धी तालीम प्रदान गर्ने। |
| | • आपतकालीन शिक्षणका लागि आवश्यक तयारी सामग्री (शिक्षा किट) को भण्डारण गर्ने। |

## ५. प्राथमिकता निर्धारण

परियोजनाको सीमित समय र श्रोतलाई अधिकतम नतिजामुखी बनाउनका लागि शैक्षिक सुधारका रणनीतिहरूलाई निम्न तीन चरणमा प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। यसको मूल आधार संवैधानिक दायित्व (पहुँच) र गुणस्तर सुनिश्चितता हो।

**प्राथमिकता स्तर १ः तत्काल कार्यान्वयन (उच्च प्राथमिकता - पहिलो ६ महिनाभित्र नतिजा देखिने)**

यस चरणमा, आधारभूत अधिकारको सुनिश्चितता, सिकाइको जड समस्या समाधान र कार्यान्वयनको आधार तयार पार्ने कार्यहरूमा जोड दिइनेछ।

१. **बालबालिकाको पहुँच र स्थायित्व** :- ड्रपआउट दर घटाउन र लक्षित समूहको पहुँच सुनिश्चित गर्न विशेष प्रोत्साहन तथा भर्ना/टिकाउ कार्यक्रम तत्काल सञ्चालन गर्ने।

२. **शिक्षण सिकाईको गुणस्तर र सिकाई उपलब्धिमा कमीको सम्बोधन** :- कमजोर सिकाई उपलब्धि भएका विषयहरू (गणित, विज्ञान, अङ्ग्रेजी) का शिक्षकहरूलाई विषयगत र शिक्षण विधिमा गहन तालीम तत्काल प्रदान गर्ने।

३. **शैक्षिक सुशासनको आधारः** विद्यालयको नियमित अनुगमन र मूल्याङ्कनको कार्ययोजना र मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउने।

**प्राथमिकता स्तर २ः मध्यमकालीन कार्यान्वयन (परियोजनाको पहिलो वर्षभित्र नतिजा देखिने)**

यस चरणमा, सुधारलाई संस्थागत गर्ने र भौतिक तथा मानवीय क्षमताको विकासमा लगानी गरिनेछ।

१. **शिक्षक तथा कर्मचारीको क्षमता विकास** :- प्रधानाध्यापकहरूलाई शैक्षिक नेतृत्व तालीम र शिक्षकको दरबन्दी मिलान कार्य वैज्ञानिक आधारमा सम्पन्न गर्ने।

२. **पुर्वाधार विकास (आवश्यकतामा आधारित)** :- बालमैत्री शौचालय, शुद्ध पानी र सुरक्षाको दृष्टिकोणले अति आवश्यक पूर्वाधारमा श्रोत परिचालन गर्ने।
३. **शिक्षण सिकाईमा ICT को प्रयोग** :- विद्यालयमा आधारभूत ICT पूर्वाधार (इन्टरनेट, कम्पुटर) जडान गरी शिक्षकलाई आधारभूत ICT साक्षरता तालीम दिने।
४. **पाठ्यक्रमको स्थानीयकरण** :- स्थानीय आवश्यकतामा आधारित जीवनोपयोगी सीप समावेश भएको पाठ्यक्रम निर्माण कार्यलाई अन्तिम रूप दिने।

**प्राथमिकता स्तर ३ः दीर्घकालीन संस्थागत विकास (परियोजनाको दोस्रो वर्ष र सोभन्दा पछि दिगोपनाको आधार तयार गर्ने)**

यस चरणमा, सुधारलाई दिगो बनाउने र उच्चस्तरीय परिवर्तनको लागि आधार तयार गर्ने कार्यहरूमा जोड दिइनेछ।

१. **पुर्वाधार विकास (पूर्णता)**:- प्रयोगशाला र पुस्तकालयसहितको पूर्ण शैक्षिक पूर्वाधार विकास गर्ने।
२. **बालबालिकाको प्रतिभा प्रस्फुटन र जिवनोपयोगी सीप विकास** :- अतिरिक्त क्रियाकलाप र प्रतिभा प्रस्फुटनका कार्यक्रमहरूलाई नियमित बजेटमा समावेश गर्ने।
३. **शैक्षिक सुशासन र सरोकारवालाको भूमिका विकास** :- नतिजामा आधारित प्रोत्साहन प्रणाली र सामुदायिक साझेदारीको संस्थागत संरचना विकास गर्ने।
४. **शैक्षिक मार्गचित्रको तयारी**ः आगामी दश वर्षको लागि शैक्षिक मार्गचित्र तयार गरी नगरसभाबाट स्वीकृत गराउने।



प्रमुख प्रशासकीय अधिकृत

# परिच्छेद ५ कार्यक्रम तथा विस्तृत बजेट

## कार्यक्रम निर्धारण

"उर्लाबारी गुणस्तरीय शिक्षा सुधार परियोजना (२०८३/०८४-२०८४/०८५)" को सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकताहरूलाई मूर्त रूप दिनका लागि निम्न लिखित ८ वटा मुख्य कार्यक्रमहरू निर्धारण गरिएको छ। यी कार्यक्रमहरू परियोजनाको रणनीति र कार्यनीतिलाई क्रियाकलापमा रूपान्तरण गरी नतिजामा आधारित कार्यान्वयनका लागि तयार पारिएको हो।

| क.सं. | कार्यक्रमको नाम | रणनीतिगत आयाम | प्रमुख उद्देश्य |
|---|---|---|---|
| १. | शैक्षिक पूर्वाधार विकास तथा प्रविधिमैत्री विद्यालय कार्यक्रम | पुर्वाधार विकास, शिक्षण सिकाईमा ICT को प्रयोग | बालमैत्री र सुरक्षित भौतिक पूर्वाधार विकास गर्ने तथा शिक्षण सिकाइमा ICT को पहुँच र प्रयोग बढाउने। |
| २. | शैक्षिक पहुँच, स्थायित्व र समता अभिवृद्धि कार्यक्रम | बालबालिकाको पहुँच र स्थायित्व | विद्यालयबाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने र ड्रपआउट दर घटाएर शैक्षिक स्थायित्व सुनिश्चित गर्ने। |
| ३. | शिक्षक/कर्मचारी क्षमता विकास तथा प्रोत्साहन कार्यक्रम | शिक्षाका कर्मचारीको क्षमता विकास | शिक्षक, प्रधानाध्यापक र कर्मचारीको विषयगत तथा व्यवस्थापकीय क्षमता वृद्धि गर्ने र उनीहरूलाई उत्प्रेरित गर्ने। |
| ४. | सिकाई उपलब्धि सुधार तथा स्थानीय पाठ्यक्रम विकास कार्यक्रम | शिक्षण सिकाईको गुणस्तर, जिवनोपयोगी सीप विकास | विद्यार्थीको सिकाई उपलब्धिमा उल्लेख्य सुधार ल्याउने र स्थानीय आवश्यकतामा आधारित जीवनोपयोगी सीपहरू समावेश गर्ने। |
| ५. | शैक्षिक सुशासन तथा अनुगमन प्रणाली सुधार कार्यक्रम | शैक्षिक सुशासन, सरोकारवालाको भुमिका विकास | शिक्षा क्षेत्रको व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता र बहु-सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गर्ने। |
| ६. | बालमैत्री वातावरण तथा प्रतिभा प्रस्फुटन कार्यक्रम | बालबालिकाको प्रतिभा प्रस्फुटन र जिवनोपयोगी सीप विकास, बालमैत्री स्थानीय शासन प्रवर्द्धन | विद्यालय वातावरणलाई बालमैत्री बनाउने र विद्यार्थीको सिर्जनात्मकता तथा अतिरिक्त प्रतिभाको विकास गर्ने। |

| | | | |
|---|---|---|---|
| ७. | विपद् जोखिम न्यूनीकरण र आपतकालीन शिक्षा कार्यक्रम | आपतकालिन शिक्षा | आपतकालीन अवस्थामा बालबालिकाको शैक्षिक निरन्तरता र सुरक्षा सुनिश्चित गर्ने। |
| ८. | शैक्षिक सूचना व्यवस्थापन तथा अनुसन्धान कार्यक्रम | शैक्षिक सुशासन | तथ्याङ्कमा आधारित योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कनका लागि सूचना प्रणालीलाई सुदृढ गर्ने। |

परियोजनाको विस्तृत लागत अनुमान ( क्रियाकलापहरुको समेत हुने गरी )

<table>
<tr><th>कार्यक्रमको नाम/शीर्षक</th><th>मुख्य उद्देश्य (समायोजित)</th><th>क्रियाकलापहरु</th><th colspan="4">लागत अनुमान</th></tr>
